वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

राष्ट्रिय तरकारी बाली विकास केन्द्र

कीर्तिपुर, काठमाडौँ

२०८३

वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)

प्रकाशक

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

राष्ट्रिय तरकारी बाली विकास केन्द्र

कीर्तिपुर, काठमाडौं

२०८३

वार्षिक प्रगति प्रतिवेदन (आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

राष्ट्रिय तरकारी बाली विकास केन्द्र

कीर्तिपुर, काठमाडौँ

२०८३

फोन : ०१-५५०७०१२, ५५०७०१३

इमेल : npvsckhumaltar@gmail.com, info.ncpvs@moafe.gov.np

वेबसाइट : www.ncpvs.gov.np

दुई शब्द



नेपाल कृषि प्रधान देश हो। राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको कुरा सर्वविदितै छ। राष्ट्रिय कृषि नीति २०८३, कृषि विकास रणनीति २०७२, सिड भिजन २०१५-२०२५, १६औं पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोग, कृषि, वन तथा पर्यावरण मन्त्रालय र कृषि विभागबाट प्राप्त मार्गदर्शनहरू अनुरूप देशको भौगोलिक बनावट र हावापानी अनुसार ताजा तरकारी, मसलाबाली, आलु, कन्दमूल तथा तरकारी बीउ उत्पादनमा वृद्धि गरी उक्त बालीहरू तथा तरकारी बीउको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने तथा ताजा तरकारीको खपत बढाई देशको खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने, रोजगारीको अवसर सृजना गराई आम्दानी वृद्धि गर्ने तथा गरिबी न्यूनीकारण गर्न सहयोग पुर्याउने उद्देश्य अनुसार यस केन्द्रबाट आलु, तरकारी तथा मसलाबाली विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। विगत केही वर्षदेखि ताजा तरकारी तथा तरकारी बीउको उत्पादन र विकासमा निजी क्षेत्रको संलग्नता बढ्दै गइरहेको छ। स्थानीय तहदेखि जिल्ला, प्रदेश र केन्द्रसम्म करार र साझेदारीमा तरकारी विकास कार्यक्रमहरू प्रभावकारी रूपले सञ्चालन भइइरहेका छन्। यसलाई अझ बढी सुदृढ गरी सरकारी निकाय र निजी क्षेत्रबीच समन्वय र सूचना आदान प्रदानको राम्रो व्यवस्था हुनु आवश्यक देखिन्छ। यसको साथै नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भइसकेको अवस्थामा कृषि अनुसन्धान तथा प्रसार क्षेत्रको समन्वय बढाई निर्यातमुखी तरकारी बालीको गुणस्तर र अन्तर्राष्ट्रिय माग अनुसारको प्रतिस्पर्धी उत्पादनमा पनि जोड दिँदै जानु पर्ने टड्कारो आवश्यकता देखिन्छ। यस वार्षिक प्रगति विवरण पुस्तिकामा आर्थिक वर्ष २०८२/८३ मा यस केन्द्र र मातहतका फार्महरूको लक्षित कार्यक्रमहरू र प्रगति विवरणहरू छोटकरीमा प्रस्तुत गर्न खोजिएको छ। साथै आलु, तरकारी र मसलाबालीहरूको जिल्लागत/प्रदेशगत विवरणसमेत समावेश गरिएको छ। यस प्रकाशनले तरकारी, आलु र मसलाबालीको विकाससँग सम्बन्धित सङ्घ संस्था, योजनाकार, कृषक, कृषि उद्यमी, कृषि विद्यार्थी र अनुसन्धानकर्तासमेत सबैलाई सहयोग पुर्याउने छ भन्ने आशा लिएको छु।

यस पुस्तकका लागि आवश्यक विवरण तथा तथ्याङ्क सङ्कलन गरी स्वरूप तयार गर्न सहयोग गर्नुहुने केन्द्रका सम्पूर्ण कर्मचारीहरू एवम् विवरण तथा तथ्याङ्क उपलब्ध गराउने आम कृषक, कृषि शाखा, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय, कृषि विकास निर्देशनालय र सम्बन्धित फार्म केन्द्रहरूलाई धन्यवाद दिन चाहन्छु। साथै आगामी प्रकाशनका लागि यस पुस्तिकालाई अझ उपयोगी बनाउनका लागि सकारात्मक सुझावको अपेक्षा गर्दछु।

पदम प्रसाद अधिकारी
प्रमुख

क्र.स.	विषय सूची		पेज न.
	भाग-१		
परिचय			
१.१	पृष्ठभूमि		१
१.२	उद्देश्य		२
१.३	नीति		२
१.४	रणनीति		२
१.५	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको काम, कर्तव्य र अधिकार		३
१.६	कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयहरूसँगको सम्बन्ध		३
१.७	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको तथा मातहतका कार्यालयहरूको मुख्य मुख्य कार्यक्रमहरू		४
१.८	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र तथा सम्बन्धित निकायहरूको सङ्गठनात्मक तालिका		५
१.९	निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण		६
१.१०	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुरमा हाल कार्यरत कर्मचारीहरूको विवरण		६
१.११	साविक तरकारी विकास निर्देशनालय तथा हाल राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द, कीर्तिपुर स्थापनाकालदेखि हालसम्मका प्रमुखहरू		७
१.१२	राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द, कीर्तिपुर अन्तर्गत फार्म केन्द्रका प्रमुख तथा सम्पर्क नम्बर		८
	भाग-२		
२.१	आ.व. २०८२/८३ को संक्षिप्त वार्षिक प्रगति प्रतिवेदन		९
	२.१.१	आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम (व.उ.शी.नं. ३१२०११०१)	९
	२.१.२	आ.व. २०८२/८३ मा सम्पन्न राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र लगायत मातहतका फार्म केन्द्रबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरू	९
२.२	आ.व. २०८२/८३ को वार्षिक भारित तथा वित्तीय प्रगति विवरण (बजेट शीर्षक तथा कार्यालयगत अनुसार) आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम (ब.उ.शी.नं. ३१२०११०१)		१२
२.३	प्रगति नपुग क्रियाकलापहरूको विवरण र कारण		१२
२.४	राजस्व तथा बेरुजु विवरण		१३
२.५	कार्यक्रम कार्यन्वयनमा देखा परेका मुख्य समस्या, समाधानका प्रयास तथा सुझावहरू		१३

२.६	आ.व. २०८२/८३ मा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रमहरूको विवरण		१४
	२.६.१	स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रमहरूको कार्यान्वयन अवस्था	१६
२.७	आ.व. २०८२/८३ मा यस केन्द्र तथा मातहतका फार्म केन्द्रहरूको वार्षिक अवधिसम्मको सेवाग्राही विवरण		१८
	भाग-३		
राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका कार्यालयहरूको संक्षिप्त परिचय			
३.१	तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर		१९
३.२	तरकारी बीउ उत्पादन केन्द्र, चापा, रुकुम (पश्चिम भाग)		२१
३.३	अलैंची विकास केन्द्र, फिक्कल, ईलाम		२३
३.४	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक		२४
प्रदेश सरकार अन्तर्गत रहेका (साविक तरकारी विकास निर्देशनालय अन्तर्गत) फार्म केन्द्रहरूको विवरण			
३.५	बागवानी विकास केन्द्र, पाँचखाल, काभ्रे		२६
३.६	बागवानी विकास केन्द्र, सिन्धुली		२७
३.७	बागवानी विकास केन्द्र, जुफाल, डोल्पा		२८
३.८	बागवानी विकास केन्द्र, दार्मा, हुम्ला		२९
३.९	तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा तरकारी बीउ उत्पादन केन्द्र, डडेल्धुरा		३०
३.१०	बागवानी केन्द्र, जौबारी, ईलाम		३१
	भाग-४		
राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका फार्म केन्द्रहरूको विगत ५ वर्ष (२०७८/७९ देखि २०८२/८३) को मुख्य मुख्य लक्ष्य तथा प्रगति विवरण			
४.१	तरकारी बाली विकास केन्द्र, खुमलटार		३३
४.२	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम		३३
४.३	अलैंची विकास केन्द्र, ईलाम		३४
४.४	आलु बाली विकास केन्द्र, सिन्धुपाल्चोक		३४
	भाग-५		
आर्थिक विवरण			
५.१	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका फार्म केन्द्रहरूको विगत ५ वर्ष (२०७८/७८ देखि २०८२/८३) को वार्षिक बजेट विनियोजन तथा बजेट खर्च विवरण (रू. हजारमा)		३५

५.२	आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्रबाट सञ्चालित तालिम कार्यक्रम र सहभागीहरूको नामावली विवरण		३६
	५.२.१	उच्च प्रविधि प्रयोग गरी संरक्षित संरचनामा तरकारी उत्पादन सम्बन्धी अधिकृतस्तरीय तालिम	३६
	५.२.२	Organic Inspection सम्बन्धी अधिकृतस्तरीय तालिम	३७
	५.२.३	तन्तु प्रजनन् प्रविधि सम्बन्धी प्राविधिक/अधिकृतस्तरीय तालिम	३७
५.३	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र तथा अन्तर्गतका फार्म केन्द्रहरूको विगत ५ आर्थिक वर्ष (२०७८/७९ देखि २०८२/८३) को राजश्व विवरण (रू. हजारमा)		३८
५.४	बीउ उत्पादनका लागि स्वीकृत प्राविधिक मापदण्डहरू		३९
	५.४.१	Potato Seed Tuber	३९
	५.४.२	Radish (Mino Early)	३९
	५.४.३	Cucumber (Bhaktapur Local)	४०
	५.४.४	Ginger	४०
		भाग-६	
६.१	AREA, PRODUCTION & YIELD OF VEGETABLES IN NEPAL SINCE LAST 48 YEARS		४१
६.२	आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका फार्महरूमा आ.व. २०८२/८३ मा उत्पादन भएका विभिन्नस्तरका तरकारी तथा मसलाबालीहरूको बीउ उपलब्धताको विवरण		४२
	६.२.१	अलैंची विकास केन्द्र, फिक्कल, ईलाम	४२
	६.२.२	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक	४२
	६.२.३	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम	४४
	६.२.४	तरकारी बाली विकास केन्द्र, खुमलटार	४४
६.३	AREA, PRODUCTION & YIELD OF POTATO IN NEPAL SINCE LAST 48 YEARS		४५
६.४	AREA, PRODUCTION & YIELD OF SPICE IN NEPAL SINCE LAST 31 YEARS		४७
६.५	आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत उत्पादित तरकारी बीउको सेवा शुल्क दर		४८

भाग-७			
७.१	राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (NAMP) अन्तर्गत आलु, तरकारी तथा मसलाबालीका व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) तथा बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) को २०८२/८३ सम्मको विवरण		५३
७.२	विगतका जिल्लागत तरकारी, आलु तथा मसलाबालीका पकेटका रूपमा परिचित क्षेत्रहरू		५३
७.३	तरकारी बीउ उत्पादनका लागि सम्भाव्य जिल्लाहरू		६६
७.४	तरकारी बीउ उत्पादनका पकेट क्षेत्रहरू		६७
७.५	उन्नत बीउ उत्पादनका लागि आवश्यक पर्ने तरकारीको मूल/स्रोत बीउ उत्पादन गर्ने सरकारी फार्म केन्द्रहरूको विवरण		६८
७.६	District-wise Potential Vegetable Crops, Vegetable Seeds, Potato, Spice and Tuber Crops		६९
७.७	Potato By Province in the Fiscal Year 2081/82		७३
७.८	Major Districts of Nepal in Potato by Area and Production in the Fiscal Year 2081/82		७३
७.९	Districts of Nepal in Vegetable by Area and Production in the Fiscal Year 2081/82		७४
	७.९.१	Koshi Province	७४
	७.९.२	Madhesh Province	७४
	७.९.३	Bagmati Province	७४
	७.९.४	Gandaki Province	७५
	७.९.५	Lumbini Province	७५
	७.९.६	Karnali Province	७६
	७.९.७	Sudurpaschim Province	७६
७.१०	Fresh Vegetables By Province the Fiscal Year 2081/82		७६
७.११	Major Fresh Vegetables in Nepal by Area and Production in the Fiscal Year 2081/82		७७
७.१२	Major Spice Crops (Large Cardamom, Ginger, Garlic, Turmeric, Dry Chilli) in Nepal by Area and Production in the Fiscal Year 2081/82		७७
७.१३	नेपालमा हालसम्म सूचित भएका तरकारी बालीका जातहरूको विवरण		७८
७.१४	सूचित लिस्टबाट हटाइएका (Denotified) विभिन्न बालीका जातहरूको विवरण		९१

भाग-१

परिचय

१.१ पृष्ठभूमि

कृषि विकासमा विषय विशेषज्ञताको महत्त्वलाई प्राथमिकता दिई कृषि सेवालाई छिटो र छरितो किसिमले कृषक समक्ष पुर्याउन वि.सं. २०२४ सालमा बागवानी लगायत पाँच वटा विभागहरूको गठन भएको थियो। एकीकृत उत्पादन प्रणाली भएको हुँदा नेपाली कृषकका लागि प्रशासकीय तथा आर्थिक दृष्टिले धेरै विभागबाट सेवा प्रवाह कार्य सञ्चालन गर्नु व्यवहारिक नदेखिएकोले वि.सं. २०२९ सालमा तत्कालीन पाँचै विभागहरूलाई गाभेर एउटै कृषि विभागको रूपमा पुर्नगठन गरियो। यसै पुर्नगठनको क्रममा बाली विशेष विकास कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कृषि विभाग अन्तर्गत बाली विकास शाखाहरूसमेत स्थापना गर्ने योजना बमोजिम तरकारी, मसला तथा आलु बालीहरूको तालुक अड्डाको रूपमा २०२९ सालमा तरकारी विकास शाखाको स्थापना गरियो। बागवानीको प्रचुर सम्भावना र आर्थिक उन्नतिमा यसले खेल्न सक्ने भूमिकालाई मध्यनजर गरी २०४७ सालमा बागवानी विभागको स्थापना गरिएको थियो। यसै क्रममा कृषि मन्त्रालयको २०४९ सालमा नयाँ संरचना बनेपछि कृषि मन्त्रालय अन्तर्गत रहेका पाँच वटा विभागहरूलाई पुनः एकीकृत गरी २०४९ श्रावण १ गतेदेखि एक छाता (One Umbrella Concept) अन्तर्गत राख्ने योजना अनुसार एउटै कृषि विकास विभागको स्थापना गरियो र तरकारी विकास शाखालाई तरकारी विकास महाशाखामा परिणत गरिएको थियो।

कृषि विभाग अन्तर्गतका विभिन्न महाशाखाहरू छुट्टै कार्यालयका रूपमा सञ्चालित भई आएकोमा वि.सं. २०५६ श्रावणदेखि विभागको सहयोगी महाशाखाहरूको रूपमा लिइयो र आ.व. २०५६/५७ देखि आर्थिक कारोवारसमेत विभागबाटै सञ्चालन गरी महाशाखाको अधिकार क्षेत्रलाई साँघुरो बनाइयो। यसो हुँदा प्रशासनिक प्रक्रिया पूरा गर्दा गर्दै सेवा प्रवाह कार्यको गतिमा मन्दता आयो। यो प्रक्रियाले विकासको गतिमा प्रतिकूल असर पारेको महसुस गरी यी महाशाखाहरूलाई नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०५७/०३/२६ को निर्णयानुसार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयले सङ्गठनात्मक संरचनामा केही फेरबदल गरी पुनः छुट्टै कार्यालयको पहिचान दिइयो। यस पटक महाशाखाहरूलाई मातहतका अन्य कार्यालयहरूको प्रशासनिक एवम् आर्थिक कार्यमा मार्गदर्शन गर्ने गरी कार्यक्रम निर्देशनालय भनी नामाकरण गरियो। अलग-अलग दरबन्दी भएको र छुट्टाछुट्टै कार्यक्रम बजेट भएका दुई कार्यालयहरू आलु विकास शाखालाई "राष्ट्रिय आलु बाली विकास कार्यक्रम" र सुठो तथा अलैंची विकास शाखालाई "राष्ट्रिय मसलाबाली विकास कार्यक्रम" नामाकरण गरी आ.व. २०५७/५८ देखि आर्थिक कारोबारसमेत निर्देशनालयले हेर्ने गरी अख्तियारी दिइएकोमा नेपाल सरकारको निर्णयानुसार आ.व. २०६०/६१ देखि पुनः आर्थिक कारोवार छुट्टाछुट्टै गरिएको थियो।

यसै क्रममा देशको सङ्घीयतामा प्रवेश तथा राजनैतिक र प्रशासनिक पुर्नसंरचनामा तत्कालीन तरकारी विकास निर्देशनालय, राष्ट्रिय आलु बाली विकास कार्यक्रम र राष्ट्रिय मसलाबाली विकास कार्यक्रमलाई एकै ठाउँमा गाभेर नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/०३/३२ को निर्णय अनुसार कृषि विभाग अन्तर्गत "राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र" को स्थापना भयो।

१.२ उद्देश्य

- देशको विभिन्न भौगोलिक क्षेत्रहरूमा सम्भाव्यताको आधारमा गुणस्तरीय तरकारी बीउ, ताजा तरकारी, आलु, कन्दमूल र मसलाबालीहरूको उत्पादनमा वृद्धि ल्याउन उन्नत प्रविधिको विकास र विस्तार गरी उत्पादकत्वमा वृद्धि ल्याई कृषकहरूको आयस्तर बढाउन सहयोग गर्ने।
- तरकारी बीउ (प्रजनन्, मूल र उन्नत), ताजा तरकारी, खायन तथा बीउ आलु (बेसिक तथा आलु बीयाँ) र मसलाजन्य बालीहरूको बीउ र बिरुवाको उत्पादन बढाई आयात प्रतिस्थापन गरी आत्मनिर्भरता हासिल गर्नुको साथै निर्यात प्रवर्द्धन गर्ने।
- ताजा तरकारी, आलु, मसला र कन्दमूलहरूको उपभोगस्तर बढाउँदै जनताको पोषणस्थितिमा सुधार ल्याउने।

१.३ नीति

- तुलनात्मक लाभको आधार र भौगोलिक क्षेत्रको आधारमा तरकारी बालीहरूलाई प्राथमिकता दिई लाभप्रद खेती योजना अनुरूप आलु, तरकारी, मसला र कन्दमूल खेतीको व्यावसायिकरण गरी गरिबी न्यूनीकरणमा सहयोग पुर्याउने।
- तरकारी व्यवसायी कृषकहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नमा विशेष जोड दिने।
- उच्चस्तर र फिल्डस्तरका जनशक्तिको क्षमता विकासमा विशेष जोड दिने र फिल्डस्तरका प्राविधिकहरूको सेवालाई कृषकस्तरसम्म पुर्याउन प्रभावकारी व्यवस्था मिलाउने।
- लैङ्गिक/जनजाति/दलित/आदिलाई समावेशी अवधारणा अनुरूप कार्यक्रममा समावेश गर्दै जाने।

१.४ रणनीति

- व्यावसायिक तरकारी विकास कार्यक्रमलाई भौगोलिक अवस्था तथा हावापानी सुहाउँदो, यातायात, बजार सुविधा तथा अन्य भौतिक सुविधा भएका स्थानहरूमा केन्द्रित गर्ने।
- संरक्षित संरचनामा उच्च मूल्य जाने तथा वेमौसमी तरकारीको क्षेत्र विस्तार गरी तरकारीको उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गर्ने तथा वर्षैभरि ताजा तरकारीको उपलब्धता सुनिश्चित गर्ने।
- प्राङ्गारिक तरकारी खेतीको प्रवर्द्धन गरी स्वदेशी बजारमा स्वच्छ एवम् स्वस्थकर तरकारीको उपलब्धता बढाउने तथा विदेशी बजारमा प्राङ्गारिक प्रमाणित उपजको निर्यात प्रवर्द्धन गर्न सहजीकरण गर्ने।
- अलैंची तथा अदुवा जस्ता निर्यातजन्य मसला बालीहरूको निर्यात प्रवर्द्धन गर्न सहजीकरण गर्ने।
- प्रादेशिक सम्भाव्यता अनुसार भौगोलिक विशेषता प्रतिबिम्बित हुने गरी तराई, मध्यपहाडी र उच्चपहाडी क्षेत्रमा उपयुक्त व्यावसायिक पकेट क्षेत्रहरू विकास गर्न एकीकृत प्याकेज कार्यक्रम लागू गर्ने।
- निर्यातयोग्य तरकारी बालीको व्यावसायिक उत्पादन हुने क्षेत्र निर्धारण गरी Export Zone घोषणा गरेर सोही अनुरूप आवश्यक सेवा टेवा पुर्याउने व्यवस्था मिलाउने।
- पकेट क्षेत्रको आवश्यकता अनुसार आयोजनागत रूपमा कार्यक्रमको प्याकेज तयार गरी एकीकृत तथा समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने।
- तरकारी बीउ तथा ताजा तरकारीमा उत्पादनोपरान्त हुने क्षति नियन्त्रण गर्ने (Post-Harvest Handling) क्रियाकलापमा दक्ष जनशक्तिको सेवा कृषकहरूसम्म पुर्याउने व्यवस्था मिलाउने।

- निजीस्तरमा सञ्चालन गरिने तरकारी तथा आलुको मूल बीउ उत्पादन कार्यक्रम खास-खास तोकिएका बाली तथा जातीय सम्वर्द्धन गर्ने फार्म/केन्द्रहरूको कमाण्ड क्षेत्रमा केन्द्रित गर्ने।
- जनमानसमा पोषण स्थिति सुधारको लागि राष्ट्रव्यापी रूपमा करेसाबारी कार्यक्रम सञ्चालन गर्ने।
- कृषि विकास रणनीतिले परिलक्षित गरेको बेमौसमी तरकारी उत्पादन कार्यक्रमलाई प्राथमिकता दिई व्यावसायिक कार्यक्रम सञ्चालन गर्ने।
- तरकारी, आलु, कन्दमूल तथा मसला प्रशोधन उद्योग स्थापना गर्न सम्भाव्य स्थानको पहिचान गरी उत्पादनदेखि प्रशोधन र बजारीकरणसम्मको प्रविधि प्याकेज तयार गरी कृषक/उद्यमीहरूलाई उपलब्ध गराई प्रोत्साहित गर्ने/गराउने।
- लैङ्गिक/जनजाति/दलित आदिलाई समावेशी अवधारणा अनुरूप कार्यक्रममा समावेश गर्दै जाने।

१.५ राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको काम, कर्तव्य र अधिकार

- अन्तर्गतका फार्म केन्द्रहरूलाई आवश्यक नीतिगत तथा कार्यक्रमगत निर्देशन र पृष्ठपोषण,
- आलु, तरकारी तथा मसलाबाली प्रवर्द्धनको क्षेत्रमा देशको फोकल कार्यालय,
- सम्बन्धित बाली वस्तुको राष्ट्रिय महत्त्वका विशेष उत्पादन कार्यक्रम जस्तैः मिशन कार्यक्रम तर्जुमा तथा सञ्चालन,
- आलु, तरकारी तथा मसलाबाली विकास सम्वद्ध समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभागलाई नीतिगत सुझाव,
- अन्तर्गतका फार्म/केन्द्रहरूमा नविनतम् प्रविधि प्रदर्शन तथा प्रसारणको व्यवस्था सम्बन्धी कार्य,
- बीउ, बोटबिरुवा लगायतका प्रसारण सामग्रीहरूको उत्पादन तथा वितरणको व्यवस्था,
- आलु, तरकारी तथा मसलाबाली सम्वद्ध विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फार्मकेन्द्र व्यवस्थापनका लागि कृषि विभागलाई आवश्यक परामर्श उपलव्ध गराउने,
- नेपाल सरकारले तोकेको आलु, तरकारी तथा मसलाबाली विकास सम्बन्धी अन्य कार्यहरू।

१.६ कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयहरूसँगको सम्बन्ध

- जिल्लाको सम्भाव्यताको आधारमा तरकारी, आलु, कन्दमूल तथा मसलाबाली विशेषका पकेट क्षेत्रको छनौट, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा आवश्यकतानुसार प्राविधिक सहयोग गर्ने।
- तरकारी, आलु, मसला, कन्दमूलबाली आदिसँग सम्बन्धित कार्यक्रम तर्जुमा गर्न आवश्यकतानुसार सहजीकरण गर्ने।
- जिल्लाको उत्पादन सामग्रीको माग र आपूर्तिमा सन्तुलन ल्याउन विषयगत विषय विशेषज्ञसँग सम्पर्क राखी आपूर्तिको व्यवस्था मिलाउने।
- जिल्लाको आवश्यकता अनुसार सञ्चालन गरिने तालिम कार्यक्रममा स्रोत व्यक्ति व्यवस्था गर्ने।
- कार्यक्रम सञ्चालन गर्दा जिल्लास्तरमा देखा परेका प्राविधिक समस्याको पहिचान गरी समाधानका लागि पहल गर्ने।
- विषयगत विषयमा प्रचारप्रसार योग्य सामग्रीहरूको विकास एवम् निर्माण गरी जिल्लालाई प्रचारप्रसारका लागि उपलब्ध गराउने।

१.७ राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको तथा मातहतका कार्यालयहरूको मुख्य मुख्य कार्यक्रमहरू

- बीउ उत्पादन (तरकारीमा प्रजनन्, मूल र उन्नत बीउ, आलुमा टि.पि.एस., पि.बि.एस. बीउ आलु, अलैंची बीउ, अदुवा, बेसारको पाना) - फार्म/केन्द्रहरूमा।
- बेर्ना उत्पादन (तरकारी, फूल, अलैंची) - फार्म/केन्द्रहरूमा।
- जर्मप्लाज्म सङ्कलन तथा सम्वर्द्धन - फार्म/केन्द्रहरूमा।
- विभिन्न तरकारी बालीका प्रजनन् तथा मूल बीउको बफर स्टक सञ्चालन।
- प्रविधि अध्ययन परीक्षण तथा प्रदर्शन।
- बाह्य सेवा तथा प्रविधि हस्तान्तरण।
- नयाँ विकसित प्रविधिहरू प्रकाशन तथा प्रसारण।
- कार्यक्रम अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन।
- तालिम, सेमिनार, अन्तरक्रिया गोष्ठी सञ्चालन।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूसँग समन्वय।
- समन्वयात्मक अध्ययन कार्य सञ्चालन।

१.८ राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र तथा सम्बन्धित निकायहरूको सङ्गठनात्मक तालिका

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुरको सङ्गठन संरचना



१.९ निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण

तालिका १. राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको दरबन्दी विवरण

क्र. सं.	पद	श्रेणी	सेवा	समूह	स्वीकृत दरबन्दी	कैफियत
१	प्रमुख	रा.प. प्रथम	नेपाल कृषि	समुहकृत नहुने	१	
२	बरिष्ठ बागवानी विकास अधिकृत	रा.प. द्वितीय	नेपाल कृषि	बागवानी	२	
३	बागवानी विकास अधिकृत	रा.प. तृतीय	नेपाल कृषि	बागवानी	४	१ रिक्त
४	कृषि अर्थ विज्ञ	रा.प. तृतीय	नेपाल कृषि	एग्री.इको. एण्ड मार्केटिङ	१	
५	बाली संरक्षण अधिकृत	रा.प. तृतीय	नेपाल कृषि	बाली संरक्षण	१	
६	कृषि प्रसार अधिकृत	रा.प.तृतीय	नेपाल कृषि	कृषि प्रसार	१	
७	माटो विज्ञ	रा.प. तृतीय	नेपाल कृषि	माटो	१	रिक्त
८	प्राविधिक सहायक	रा.प.अनं.प्रथम	नेपाल कृषि	एग्री.इको. एण्ड मार्केटिङ	१	
९	प्राविधिक सहायक	रा.प.अनं. प्रथम	नेपाल कृषि	बागवानी	१	
१०	नायव सुब्बा	रा.प.अनं. प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	१	
११	लेखापाल	रा.प.अनं. प्रथम	नेपाल प्रशासन	लेखा	१	
१२	कम्प्युटर अपरेटर	रा.प.अनं. प्रथम	नेपाल प्रशासन	बिबिध	१	
१३	खरिदार	रा.प.अनं. द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	१	
१४	हलुका सवारी चालक	श्रेणी विहीन	नेपाल प्रशासन	सामान्य प्रशासन	३	२ जना करारमा
१५	कार्यालय सहयोगी	श्रेणी विहीन	नेपाल प्रशासन	सामान्य प्रशासन	३	२ जना करारमा १ जना रिक्त
	जम्मा				**२३**	

१.१० राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुरमा हाल कार्यरत कर्मचारीहरूको विवरण

क्र.सं.	नाम	पद	ठेगाना
१	पदम प्रसाद अधिकारी	प्रमुख	भरतपुर म.न.पा., चितवन
२	रिती सिंह	वरिष्ठ बागवानी विकास अधिकृत	मध्यपुर थिमि न.पा.-०३, भक्तपुर
३	धनराज गौतम	वरिष्ठ बागवानी विकास अधिकृत	तुलसीपुर उप.म.न.पा.-१२, दाङ
४	महिमा बज्राचार्य	बागवानी विकास अधिकृत	कीर्तिपुर न.पा.-१०, काठमाडौं
५	सुष्मा घिमिरे	बागवानी विकास अधिकृत	बेनी न.पा.-०२, म्याग्दी
६	सुस्मिता खनाल	बागवानी विकास अधिकृत	भरतपुर म.न.पा., चितवन
७	प्रतिभा खनाल	कृषि प्रसार अधिकृत	बनेपा न.पा.- ०१, काभ्रे

क्र.सं.	नाम	पद	ठेगाना
८	मनिष यादव	कृषि अर्थ विज्ञ	कटहरिया न.पा.- ०५, रौतहट
९	ज्ञानु थापा मगर	बाली संरक्षण अधिकृत	कीर्तिपुर न.पा.-०५, काठमाडौं
१०	सपना खापुङ	प्राविधिक सहायक	ब्रम्हापुरी-०९, सर्लाही
११	पदम ऐडी	प्राविधिक सहायक	चङ्खेली गा.पा.-०३, हुम्ला
१२	गिरी राज रेग्मी	लेखापाल	खैरेनी न.पा.-०४, चितवन
१३	गिता लामिछाने	नायव सुब्बा	कीर्तिपुर न.पा.-०४, काठमाडौं
१४	प्रतिभा अर्याल	खरिदार	रेसुङा न.पा.-०१, गुल्मी
१५	हिरा फुयाल	कम्पुटर अपरेटर	कीर्तिपुर न.पा., काठमाडौं
१६	गोपाल श्रेष्ठ	हलुका सवारी चालक	काठमाडौं म. न.पा.- काठमाडौं
१७	हरिराम भुजेल	हलुका सवारी चालक	खुमलटार, ललितपुर
१८	प्रदिप अधिकारी	हलुका सवारी चालक	निलकण्ठ न.पा.- ०७
१९	शर्मिला न्यौपाने	कार्यालय सहयोगी	राईनास-०१, लमजुङ
२०	अभिषेक भुजेल	कार्यालय सहयोगी	दोलखा

१.११ साविक तरकारी विकास निर्देशनालय तथा हाल राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर स्थापनाकालदेखि हालसम्मका प्रमुखहरू

क्र.सं.	नाम, थर	पद	अवधि
१	श्री ध्रुवराज पाण्डे	प्रमुख	२०२९/०८/०९ देखि २०३८/०३/१७
२	श्री मुक्तिनाथ पोखरेल	का.मु. प्रमुख	२०३८/०३/१८ देखि २०४१/०४/१३
३	श्री ध्रुवराज पाण्डे	प्रमुख	२०४१/०४/१४ देखि २०४२/०५/३०
४	श्री मुक्तिनाथ पोखरेल	का.मु. प्रमुख	२०४२/०६/०१ देखि २०४६/०१/२०
५	श्री वीरेन्द्र बिक्रम शाह	प्रमुख	२०४६/०१/२१ देखि २०४७/११/०३
६	श्री मोतीराम लावती	प्रमुख	२०४७/११/०४ देखि २०४७/१२/३०
७	श्री रामकृष्ण राउत	का.मु. प्रमुख	२०४८/०१/०१ देखि २०५२/०३/३०
८	डा. त्रैलोक्यनाथ श्रेष्ठ	प्रमुख	२०५२/०४/०७ देखि २०५४/०४/१४
९	श्री प्रेम योञ्जन	का.मु. प्रमुख	२०५४/०४/१५ देखि २०५४/११/१६
१०	श्री बलराम सैंजु	प्रमुख	२०५४/०४/१७ देखि २०५५/०२/३०
११	श्री सुरथबाबु अर्याल	प्रमुख	२०५५/०३/०१ देखि २०५५/०६/२७
१२	श्री भैरवराज कैनी	प्रमुख	२०५५/०६/२८ देखि २०५६/०५/२५
१३	श्री सुरथबाबु अर्याल	कार्यक्रम निर्देशक	२०५६/०७/०१ देखि २०५९/१२/१९
१४	श्री बलराम सैंजु	कार्यक्रम निर्देशक	२०५९/१२/२० देखि २०६४/०३/०१
१५	श्री फुलेश्वर सिंह	नि. कार्यक्रम निर्देशक	२०६४/०३/०२ देखि २०६५/११/३०
१६	श्री गोपालप्रसाद श्रेष्ठ	कार्यक्रम निर्देशक	२०६६/०३/०१ देखि २०६८/०८/१४
१७	डा. रमिता मानन्धर	नि. कार्यक्रम निर्देशक	२०६८/०८/१४ देखि २०६९/०४/०८
१८	डा. गजेन्द्रसेन निरौला	कार्यक्रम निर्देशक	२०६९/०४/०९ देखि २०७१/०६/१२

क्र.सं.	नाम, थर	पद	अवधि
१९	श्री बासुदेव सुवेदी	नि. कार्यक्रम निर्देशक	२०७१/०६/१३ देखि २०७२/१२/०९
२०	श्री कालिका प्रसाद कोइराला	नि. कार्यक्रम निर्देशक	२०७२/१२/१० देखि २०७३/०१/०९
२१	डा. गोविन्द प्रसाद शर्मा	कार्यक्रम निर्देशक	२०७३/०१/१० देखि २०७३/०६/१८
२२	श्री दिपक अधिकारी	नि. कार्यक्रम निर्देशक	२०७३/०६/१९ देखि २०७३/०९/२६
२३	डा. हरिबहादुर के.सी.	कार्यक्रम निर्देशक	२०७३/०९/२७ देखि २०७४/१०/२१
२४	डा. रमिता मानन्धर	कार्यक्रम निर्देशक	२०७४/१०/२१ देखि २०७५/०३/३२
२५	डा. हरिबहादुर के.सी.	प्रमुख	२०७५/०४/०१ देखि २०७६/०३/०८
२६	श्री राजेन्द्रनाथ अधिकारी	नि. प्रमुख	२०७६/०३/०९ देखि २०७६/०६/१७
२७	श्री भरत बहादुर आचार्य	नि. प्रमुख	२०७६/०६/१८ देखि २०७६/०७/२६
२८	डा. कमलराज गैरे	नि. प्रमुख	२०७६/०७/२७ देखि २०७६/११/०३
२९	श्री कृष्णप्रसाद पौडेल	प्रमुख	२०७६/११/०४ देखि २०७७/०३/३१
३०	श्री सूर्य प्रसाद बराल	नि. प्रमुख	२०७७/०४/०१ देखि २०७७/०४/२६
३१	श्री वासुदेव काफ्ले	प्रमुख	२०७७/०४/२७ देखि २०८०/०२/०९
३२	श्री तोयानाथ जोशी	नि. प्रमुख	२०८०/०२/१० देखि २०८०/०३/३१
३३	श्री मेघनाथ तिमल्सेना	प्रमुख	२०८०/०४/०१ देखि २०८०/०७/३०
३४	श्री जानुका पण्डित	प्रमुख	२०८०/०८/०६ देखि २०८२/०२/११
३५	श्री पदम प्रसाद अधिकारी	प्रमुख	२०८२/०२/१२ देखि हालसम्म

१.१२ राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द, कीर्तिपुर अन्तर्गत फार्म केन्द्रका प्रमुख तथा सम्पर्क नम्बर

क्र.सं.	फार्म केन्द्रको नाम	प्रमुखको नाम	सम्पर्क नम्बर
१	तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर	विजय कुमार गिरी	९८५११४०८७३
२	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक	विकास खरेल	९८५१२३५८१६
३	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम	पदम प्रसाद सुवेदी	९८५७८२४२७२
४	अलैंची विकास केन्द्र, फिक्कल, ईलाम	नि. प्रमुख, राजु ढकाल	९८५२६८०९६७

२.१ आ.व. २०८२/८३ को संक्षिप्त वार्षिक प्रगति प्रतिवेदन

२.१.१ आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम (व.उ.शी.नं. ३१२०११०१)

- बजेट सारांश तथा प्रगति विवरण
- वार्षिक बजेटः १५,५७,९४,०००/-
- वार्षिक निकासा र खर्चः १२,६२,३९,०००/-
- वार्षिक भारित प्रगतिः ८८.८२ प्रतिशत
- वार्षिक वित्तीय प्रगतिः ८१.०३ प्रतिशत

२.१.२ आ.व. २०८२/८३ मा सम्पन्न राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र लगायत मातहतका फार्म केन्द्रबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरू

क) राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम, कीर्तिपुर, काठमाडौँ

- उच्च प्रविधि प्रयोग गरी संरक्षित संरचनामा तरकारी उत्पादन सम्बन्धी ५ दिने अधिकृतस्तर तालिम सञ्चालन गरी सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत २२ जना कृषि अधिकृतहरूको क्षमता अभिवृद्धि गरिएको।
- मसलाबालीको Inventory तयारी गर्न तीन प्रदेश (कोशी, बागमती र कर्णाली) मा विवरण सङ्कलन तथा field verification साथै तथ्याङ्क Validation गोष्ठी सञ्चालन गरी प्रतिवेदन तयार पारिएको। उक्त प्रतिवेदन यस केन्द्रको website मा हेर्न सकिनेछ।
- Organic Production Inspection सम्बन्धी ७ दिने अधिकृतस्तर तालिम सञ्चालन गरी सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत १९ जना कृषि अधिकृतहरूको क्षमता अभिवृद्धि गरिएको।
- तन्तु प्रजनन् प्रविधि सम्बन्धी ५ दिने प्राविधिक/अधिकृतस्तरीय तालिम सञ्चालन गरी तीन तहकै १६ जना कृषि अधिकृतहरूको क्षमता अभिवृद्धि गरिएको।
- आलु बाली विकास केन्द्र (निगाले), तरकारी बीउ उत्पादन केन्द्र (रुकुम पश्चिम), बागवानी विकास केन्द्र (पाँचखाल), उष्ण प्रदेशीय बागवानी विकास केन्द्र (सर्लाही) लगायतका फार्म केन्द्रमा उत्पादित तरकारी बीउको प्रमाणीकरणको लागि NARC, SQCC/PSQCC र केन्द्रसहितको संयुक्त अनुगमन गरी उक्त फार्म केन्द्रहरूमा सफलतापूर्वक बीउ प्रमाणीकरण भएको। उक्त कार्यक्रमबाट फार्ममा उत्पादित बीउ प्रमाणीकरण हुनुका साथै कृषक, कृषक समूह तथा सहकारीबाट बीउआलु तथा तरकारी बीउ उत्पादन तथा कारोवारलाई प्रोत्साहन गरी गुणस्तरीय बीउ वृद्धि हुने तथा बीउ चक्र व्यवस्थापन हुने अपेक्षा रहेको। **तरकारी बीउ उत्पादन केन्द्र, रुकुममा** प्याज (रेड क्रियोल) को १८७ के.जी मूल बीउ साथै **आलु बाली विकास केन्द्र**, निगालेमा २४७५ के.जी. मूल बीउ (जम्मा ट्याग सङ्ख्या ५०) र १२५०० के.जी. प्रमाणित प्रथम बीउ आलु (जम्मा ट्याग सङ्ख्या २५०) प्रमाणीकरण भएको।
- केन्द्र तथा मातहतका फार्महरूको कार्यसम्पादन अवस्थाको समीक्षासहित सेवा प्रवाह सुदृढीकरणको कार्ययोजना तयारीका लागि ४ वटै फार्म केन्द्रमा FGD सम्पन्न गरी सरोकारवाला तथा विज्ञहरूको सहकार्यमा कार्ययोजना तयार गरिएको।

- मकवानपुरको दामन तथा गण्डकी गा.पा., गोरखामा विभिन्न तरकारी बालीमा पहेँलोपन, ओइलाउने र फल झर्ने समस्या देखा परेकोले केन्द्रको अगुवाइमा विषय विज्ञ टोलीद्वारा कृषकको खेतबारी अनुगमन गरी सल्लाह तथा परामर्श सेवा प्रदान गरिएको।
- मौसमी तथा बेमौसमी प्याज खेतीको सम्भावना तथा चुनौती सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया गोष्ठी सञ्चालन गरी विद्यमान समस्या तथा भावी रणनीतिबारे विमर्स तथा कार्ययोजना तयार गरिएको।
- Procurement management सम्बन्धी चार दिने तालिम सञ्चालन गरी सङ्घ, प्रदेश तथा स्थानीय निकायमा कार्यरत २५ जना कर्मचारीहरूको खरिद व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि भएको।
- कार्यालयमा रहेको Wooden showcase मर्मत गरी विभिन्न तरकारीको ४५ प्रकारका बीउ/जर्मप्लाज्म प्रदर्शन गरिएको र यसबाट कृषक, विद्यार्थी र अन्य सरोकारवालाहरू लाभान्वित हुने अपेक्षा गरिएको।

ख) आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक

- १६ के.जी. टि.पि.एस. बीउ उत्पादन भई बिक्री वितरण गरिएको,
- ३ मे. टन मूल बीउ तथा २७.०६ मे. टन बेसिक गरी कूल ३० टन बेसिक बीउ आलु उत्पादन गरी बिक्री वितरण गरिएको,
- विभिन्न जातका ४४७६ In-vitro Plant जारहरू उत्पादन गरी गुणस्तरीय पि.वि.एस. दाना उत्पादन गरी बिक्री वितरण गरिएको,
- १३ वटा घुम्ती कृषक तालिम र ३ प्राविधिक तालिम सञ्चालन गर्नुका साथै विभिन्न गाउँ/नगरपालिकाबाट सञ्चालित आलु बाली सम्बन्धी कार्यक्रममा प्राविधिक सेवा उपलब्ध गराइएको,
- स्थलगत तालिम १० पटक सञ्चालन गरी बीउ आलु उत्पादन प्रविधि प्रचार प्रसारमा सहयोग पुर्याएको,
- आलु बीउ र व्यावसायिक आलु उत्पादनमा संलग्न उद्यमी किसानहरूलाई आवसीय तालिम सञ्चालन गरी बीउ उत्पादनमा कृषकहरूको क्षमता अभिवृद्धि गरिएको।

यस फार्म केन्द्रमा हुँदै गरेका केही अनुसन्धान कार्यक्रम

१. Evaluation of Bioagents for the Management of Late Blight of Potato and Their Effect on Disease Progress and Yield

The experiment was laid out in a Randomized Complete Block Design (**RCBD**) with five replications.

Four treatments were evaluated: T1–Control (no bioagent), T2–*Pseudomonas fluorescens*, T3-*Trichoderma viride*, and T4 – a consortium of *P. fluorescens* and *T. viride*.

हालसम्मको निश्कर्षः *Pseudomonas fluorescens* मात्रको प्रयोगले सर्वाधिक उत्पादन भएको अनुसन्धानले देखाएको छ। यद्यपि, विस्तृत निश्कर्ष आउन बाँकी नै छ।

ग) अलैँची विकास केन्द्र, फिक्कल, ईलाम

- तन्तु प्रजनन् प्रविधिबाट १९,७७० वटा, प्रथम नर्सरीबाट ५०,००० र दोस्रो नर्सरीमा १,००,००० गरी जम्मा १,६९,७७० वटा अलैँची बेर्ना उत्पादन तथा बिक्री वितरण गरिएको।
- टिस्यु कल्चर बिरुवा उत्पादनको लागि अलैँची माउबोट सङ्कलन तथा रोपण गरिएको (१ रोपनीमा)।
- अलैँची बालीमा फार्मर्स फिल्ड स्कूल सञ्चालन (२ वटा/ जिर्मले र भार्लाङि जातमा)।

- स्याङ्जा, दैलेख र ईलाम जिल्लाका विभिन्न स्थानीय तहमा गई अलैंची बगान व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको।
- स्थानीय तह, प्रदेश र सङ्घीय परियोजनामा कार्यरत ४६ प्रा.स./ना.प्रा.स. तथा सहायकस्तरका कृषि प्राविधिकहरूलाई अलैंची खेती प्रविधि सम्बन्धी ३ दिने आवासीय तालिम सञ्चालन गरिएको।
- करिब २ मे. टन बीउ आलु र ४ के.जी. अकबरे खुर्सानीको बीउ उत्पादन तथा बिक्री वितरण गरिएको।
- केराउ तथा चौमासे सिमीको २०० के.जी. मूल बीउ उत्पादन गरी बिक्री वितरण गरिएको।

घ) तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर

- ३,६७५,९७९ तरकारी बालीहरूको बेर्ना उत्पादन गरी बिक्री वितरण गरिएको।
- बाली उपचार शिविर सञ्चालन (आकस्मिक बाली संरक्षण सामग्री वितरणसहित) २ पटक सञ्चालन गरी स्थलगत रूपमा किसानहरूको समस्या पहिचान गरी समाधानका उपायहरू दिइएको।
- सङ्घ, प्रदेश र स्थानीय तहका सहायकस्तरका कर्मचारीहरूलाई संरक्षित संरचनामा तरकारी खेती प्रविधि सम्बन्धी ५ दिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी २३ जना प्राविधिकको क्षमता अभिवृद्धि गरिएको।
- व्यावसायिक तरकारी खेती तथा तरकारी बीउ उत्पादन सम्बन्धी कृषकस्तरीय ३ दिने तालिम सञ्चालन गरी १५० जना किसानहरूको क्षमता अभिवृद्धि भएको।
- फार्म दिवस तथा प्रविधि प्रदर्शन कार्यक्रम सञ्चालन गरी फार्मको गतिविधिहरूको प्रदर्शन गरिएको।
- विभिन्न तरकारी बालीको ३५९.९ के.जी. बीउ उत्पादन गरी बिक्री वितरण गरिएको।
- १६.१४ के.जी. सृजना गोलभेंडाको बीउ उत्पादन तथा बिक्री वितरण गरिएको।
- मसलाबाली जर्मप्लाज्म सङ्कलन तथा सम्वर्द्धन गरिएको (अलैंची, अदुवा, अकवरे खुर्सानी)।

ङ) तरकारी बीउ उत्पादन केन्द्र, चाँपा, रुकुम पश्चिम

- घुम्ती स्थलगत कृषक तालिम ८ पटक सञ्चालन गरी १६९ जना कृषकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको।
- विभिन्न तरकारी बालीको १९९१ के.जी. मूल बीउ र ७८४.७५ के.जी. उन्नत बीउ उत्पादन गरी बिक्री वितरण गरिएको।
- ७,३२,५५० वटा विभिन्न तरकारी बालीका बेर्ना उत्पादन तथा बिक्री वितरण गरिएको।
- ५५४१ वटा आलङ्कारिक फूलका बेर्ना उत्पादन तथा बिक्री वितरण गरिएको।
- २५ जना बीउ उत्पादक कृषकलाई तरकारी बीउ उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको।
- तरकारी बीउ उत्पादन क्षेत्रका सरकारी तथा गैर सरकारी निकायसँग गोष्ठी कार्यक्रम सञ्चालन गरिएको।
- १.२५ के.जी. सृजना जात गोलभेंडाको बीउ उत्पादन गरिएको।
- १.६ मे. टन प्याज गानो उत्पादन तथा भण्डारण गरिएको।

२.२ आ.व. २०८२/८३ को वार्षिक भारित तथा वित्तीय प्रगति विवरण (बजेट शीर्षक तथा कार्यालयगत अनुसार) आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम (ब.उ.शी.नं. ३१२०११०१)

क्र.सं.	कार्यालय	वार्षिक विनियोजित बजेट (रू. लाखमा)	वार्षिक बजेट निकासा र खर्च (रू. लाखमा)	भारित प्रगति प्रतिशत	वित्तीय प्रगति प्रतिशत
१	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	३५७.३२	२६९.९६	८८.९५	७५.५५
२	तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर	३८४.०८	३२१.७१	९५.५१	८३.७६
३	तरकारी बीउ उत्पादन केन्द्र, चाँपा, रुकुम पश्चिम	२३८.८९	१९१.२	८३.४१	८०.०३
४	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक	३०७.०२	२४८.६५	८६.०८	८०.९९
५	अलैंची विकास केन्द्र, ईलाम	२७०.६३	२३०.८७	९०.१५	८५.३१
	जम्मा	१५५७.९४	१२६२.३९	८८.८२	८१.०३

२.३ प्रगति नपुग क्रियाकलापहरूको विवरण र कारण

कार्यालय	कार्यक्रम/आयोजना	इकाई	लक्ष्य	प्रगति	प्रगतिकम हुनुका कारणहरू
राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	Vegetable Seed Production Resource Mapping	पटक	१	०	अभ्यर्पणको लागि पत्राचार गरिएको भएपनि अभ्यर्पण नभएको।
	प्राविधिक पुस्तिका प्रकाशन	पटक	१	०	पुस्तिका तयार गरी विद्युतीय कपी web-site मा राखिएकोले बजेट खर्च नभएको।
तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम	फार्म केन्द्रमा उत्पादित बीउको लेवलिङ/प्याकेजिङ गर्ने मेसिन खरिद तथा ढुवानी।	सङ्ख्या	१	०	मेसिन खरिद गर्ने विनियोजन बजेट नपुग रहेकोले।
तरकारी बाली विकास केन्द्र, ललितपुर	डिजिटल बिलिङ सेट (Billing machine, Software, Power backup, Token system सहित	सेट	१	०	कृषि विभागले निर्माण गरेको software प्रयोगमा ल्याउने भनी specification बनाउन ढिलाई भएको र पछि खरिद गर्न समयको अभाव हुने भएकोले।
	फार्ममा उत्पादित बीउको लेवलिङ तथा प्याकेजिङ सामग्री तयारी तथा खरिद	पटक	१	०	विनियोजित बजेट गुणस्तरीय लेवलिङ तथा प्याकेजिङ खरिदका लागि अपुग भएकाले।
अलैंची विकास केन्द्र, ईलाम	अलैंचीको जात दर्ता गराउन नसकेको तथा फार्ममा उत्पादित बीउको प्रमाणीकरण हुन नसकेको।				स्वीकृत दरबन्दी अनुसार पद रिक्त रहेको, खरिद तथा इ-बिडिङ प्रक्रियामा न्यून रकममा कार्य सम्पन्न भएको।

२.४ राजस्व तथा बेरुजु विवरण

राजस्व विवरण

क्र.सं.	कार्यालय	वार्षिक राजश्व रू.
१	राष्ट्रिय, आलु तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	१,४७,०००
२	तरकारी बाली विकास केन्द्र, खुमलटार	५०,७५,४०७
३	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम	२०,००,१९४
४	अलैंची विकास केन्द्र, फिक्कल, ईलाम	२०,३५,३९५
५	आलु विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक	५१,५०,१२९
	जम्मा	१,४४,०८,१२५

बेरुजु विवरण

क्र. स.	आयोजना/कार्यक्रमको नाम	कूल बेरुजु रकम २०८२/८३ सम्म		आ.व. २०८२/८३ को बेरुजु फछ्यौंट	
		कूल बेरुजु	बेरुजु फछ्यौंट हुन बाँकी रकम	रकम रू.	प्रतिशत
१	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	८७६८९९.९५	३५९००७.४५	५१७८९२.५०	५९.०६
२	तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर	३६०१०३.४२	२७९६८१.४२	८०४२२	२२.३३
३	तरकारी बीउ उत्पादन केन्द्र, चाँपा, रुकुम पश्चिम	२,६८,४८९	२,६८,४८९	०	०
४	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक	१६२४९६	०	१६२४९६	१००
५	अलैंची विकास केन्द्र, ईलाम	४०४९१७	०	४०४९१७	१००
कूल जम्मा		२०७२९१४.३७	९०७१८६.८७	११६५७२७.५	५६.२४

२.५ कार्यक्रम कार्यन्वयनमा देखा परेका मुख्य समस्या, समाधानका प्रयास तथा सुझावहरू

क्र. सं.	समस्याको किसिम	कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू	समाधानका प्रयासहरू
१	नीतिगत	बीउ तथा बेर्नाको मूल्य समयानुकूल समायोजन नभएको।	वार्षिक रूपमा मूल्य निर्धारण गर्नुपर्ने। केन्द्रलाई जानकारी गराएको। बजार मूल्य सङ्कलन गरी समय समयमा मूल्यमा हेरफेर गर्नु पर्ने। बजार मूल्य अनुसार मूल्य समायोजन हुनुपर्ने।
		सृजना गोलभेँडाको बजार मूल्य अनुसार नहुनु।	
२	प्राविधिक	खुमलटार फार्म केन्द्रमा गोलभेँडामा रोग (Bacterial Wilting, Root Knot Nematode) र कीरा (*Tuta*) तथा तरकारी बालीका बेर्नाहरूमा ढुसीजन्य रोग को समस्या	गोलभेँडामा कलमी प्रविधिको शुरुवात गरिएको। केन्द्रमा उत्पादन गरिएको ट्राइकोडर्माले उपचार गरिएको। गुणस्तरीय मलखाद व्यवस्थापनका लागि vermi-compost उत्पादन गरी प्रयोग गरिएको।
		बायोटेक्निसियनको दरबन्दी नरहेको।	सेवा करारमा राखेको।

क्र. सं.	समस्याको किसिम	कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू	समाधानका प्रयासहरू
३	व्यवस्थापकीय	फार्म केन्द्रहरूमा दरबन्दी अनुसार पदपूर्ति नभएकोले दैनिक कार्य सम्पादनमा असर परेको।	कृषि विभागलाई समस्याका बारेमा जानकारी गराइएको।
		माग तथा आवश्यकता बमोजिम तरकारी बालीहरूका बीउ तथा बेर्नाहरूको उत्पादनको लागि आवश्यक जमिनको अभाव।	जग्गा भाडामा लिई बीउ उत्पादन कार्य सुरु गरिएको।
		सिँचाइ स्रोतको कमि जस्तैः बीउ बाली फूलिरहेको (Flowering+Seed Formation) अवस्थामा सिँचाइको चरम अभाव हुने।	बैकल्पिक सिँचाइ प्रविधिका योजना (जस्तैः डिप बोरिङ, थोपा सिँचाइ प्रविधि) सञ्चालन गर्ने।

२.६ आ.व. २०८२/८३ मा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रमहरूको विवरण

क्र. सं.	स्थानीय तह	जिल्ला	सर्शत अनुदानका कार्यक्रमहरू	बजेट (रू. हजारमा)
१	जिरी नगरपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	८७५
२	भिमेश्वर नगरपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	८५०
३	सुनकोशी गाउँपालिका	सिन्धुली	आलु बीउ उत्पादन कार्यक्रम	९००
४	उमाकुण्ड गाउँपालिका	रामेछाप	आलु बीउ उत्पादन कार्यक्रम	८५०
५	गोकुलगङ्गा गाउँपालिका	रामेछाप	आलु बीउ उत्पादन कार्यक्रम	८७५
६	दोरम्बा गाउँपालिका	रामेछाप	आलु बीउ उत्पादन कार्यक्रम	८७५
७	कालिन्चोक गाउँपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	८७५
८	गौरीशङ्कर गाउँपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	८५०
९	वैतेश्वर गाउँपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	९००
१०	विगु गाउँपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	९००
११	शैलुङ गाउँपालिका	दोलखा	आलु बीउ उत्पादन कार्यक्रम	९००
१२	जुगल गाउँपालिका	सिन्धुपाल्चोक	आलु बीउ उत्पादन कार्यक्रम	९००
१३	त्रिपुरासुन्दरी गाउँपालिका	सिन्धुपाल्चोक	आलु बीउ उत्पादन कार्यक्रम	८७५
१४	पाँचपोखरी थाङपाल गा.पा.	सिन्धुपाल्चोक	आलु बीउ उत्पादन कार्यक्रम	९००
१५	लिसंखुपाखर गाउँपालिका	सिन्धुपाल्चोक	आलु बीउ उत्पादन कार्यक्रम	९००
१६	राजापुर नगरपालिका	बर्दिया	आलु बीउ उत्पादन कार्यक्रम	८५०
१७	सत्यवती गाउँपालिका	गुल्मी	आलु बीउ उत्पादन कार्यक्रम	१०३९
१८	पनौती नगरपालिका	काभ्रेपलान्चोक	औद्योगिक प्रायोजनका लागि व्यावसायिक आलु उत्पादन	८००
१९	थाहा नगरपालिका	मकवानपुर	"	८००

क्र. सं.	स्थानीय तह	जिल्ला	सर्शत अनुदानका कार्यक्रमहरू	बजेट (रू. हजारमा)
२०	तीनपाटन गाउँपालिका	सिन्धुली	औद्योगिक प्रायोजनका लागि व्यावसायिक आलु उत्पादन	८००
२१	लिखु गाउँपालिका	नुवाकोट	"	८००
२२	मध्यविन्दु नगरपालिका	नवलपरासी पूर्व	"	८००
२३	सुनवल नगरपालिका	नवलपरासी पश्चिम	"	८००
२४	झिमरुक गाउँपालिका	प्यूठान	"	८३९
२५	घोडाघोडी नगरपालिका	कैलाली	"	७७५
२६	सुन्दरहरैचा नगरपालिका	मोरङ	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
२७	धुलिखेल नगरपालिका	काभ्रेपलान्चोक	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
२८	मण्डनदेउपुर नगरपालिका	काभ्रेपलान्चोक	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	६७५
२९	कालिका नगरपालिका	चितवन	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३०	माडी नगरपालिका	चितवन	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३१	मेलुङ गाउँपालिका	दोलखा	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३२	शैलुङ गाउँपालिका	दोलखा	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३३	गल्छी गाउँपालिका	धादिङ	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३४	थाक्रे गाउँपालिका	धादिङ	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३५	ईन्द्रसरोवर गाउँपालिका	मकवानपुर	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३६	भिमफेदी गाउँपालिका	मकवानपुर	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३७	इच्छाकामना गाउँपालिका	चितवन	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३८	वालिङ नगरपालिका	स्याङ्जा	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
३९	बाँसगढी नगरपालिका	बर्दिया	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
४०	भेरीगङ्गा नगरपालिका	सुर्खेत	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७५०
४१	गौरीगङ्गा नगरपालिका	कैलाली	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
४२	लालझाडी गाउँपालिका	कन्चनपुर	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	७००
४३	मुसिकोट नगरपालिका	गुल्मी	प्याजको बीउ उत्पादन कार्यक्रम	९७५
४४	सिस्ने गाउँपालिका	रुकुम (पूर्वी भाग)	प्याजको बीउ उत्पादन कार्यक्रम	९७५
४५	रुन्टीगढी गाउँपालिका	रोल्पा	प्याजको बीउ उत्पादन कार्यक्रम	१०००
४६	आठबिसकोट नगरपालिका	रुकुम (पश्चिम)	प्याजको बीउ उत्पादन कार्यक्रम	१०००
४७	चौरजहारी नगरपालिका	रुकुम (पश्चिम)	प्याजको बीउ उत्पादन कार्यक्रम	९७५
४८	त्रिवेणी गाउँपालिका	रुकुम (पश्चिम)	प्याजको बीउ उत्पादन कार्यक्रम	९७५
४९	बाँफिकोट गाउँपालिका	रुकुम (पश्चिम)	प्याजको बीउ उत्पादन कार्यक्रम	१०००
५०	सानीभेरी गाउँपालिका	रुकुम (पश्चिम)	प्याजको बीउ उत्पादन कार्यक्रम	१०००
५१	लिखु तामाकोशी गा.पा.	रामेछाप	बीउ आलु उत्पादन कार्यक्रम	९००

क्र. सं.	स्थानीय तह	जिल्ला	सर्शत अनुदानका कार्यक्रमहरू	बजेट (रू. हजारमा)
५२	मेलुङ गाउँपालिका	दोलखा	बीउ आलु उत्पादन कार्यक्रम	८७५
५३	मिक्लाजुङ गाउँपालिका	मोरङ	व्यावसायिक तरकारी खेती कार्यक्रम	९७५
५४	तारकेश्वर नगरपालिका	काठमाडौं	व्यावसायिक तरकारी खेती कार्यक्रम	१०५०
५५	दक्षिणकाली नगरपालिका	काठमाडौं	व्यावसायिक तरकारी खेती कार्यक्रम	१०००
५६	कोहलपुर नगरपालिका	बाँके	व्यावसायिक तरकारी खेती कार्यक्रम	७००
५७	महावै गाउँपालिका	कालिकोट	व्यावसायिक तरकारी खेती कार्यक्रम	८००
५८	भिमदत्त नगरपालिका	कन्चनपुर	व्यावसायिक तरकारी खेती कार्यक्रम	९७५
	कूल जम्मा	**५८ वटा स्थानीय तह**		४८६२८

२.६.१ स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रमहरूको कार्यान्वयन अवस्था

क्र. सं.	सर्शत अनुदानका कार्यक्रमहरू	स्थानीय तहको सङ्ख्या	बजेट (रू.लाखमा)	कैफियत
१	आलु बीउ/ बीउ आलु उत्पादन कार्यक्रम	१९	१६८.८९	१३ वटा स्थानीय तहहरूमा सफलतापूर्वक कार्यान्वयन भएको दोलखा, सिन्धुपाल्चोक, रामेछाप, बर्दिया, र गुल्मी जिल्लाको औसतमा ७०% वित्तीय प्रगति भएको।
२	औद्योगिक प्रायोजनका लागि व्यावसायिक आलु उत्पादन	८	६४.१४	घोडाघोडी नगरपालिका, कैलालीमा रू. ७७५००० मध्ये ९२.८% वित्तीय प्रगति हासिल गर्दै गर्दा तहाँ ८ बिघाको नमुना फार्मबाट ४०.५६ मे. टन प्रति हेक्टर आलु उत्पादन भएको। ८ वटा पालिका मध्ये जम्मा ३ वटा पालिकामा मात्र यो कार्यक्रम कार्यान्वयन भएको।
३	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	१७	११९.२५	दोलखाको मेलुङ गा.पा. मा १/१ वटा समूह तथा सहकारी (करिब ५०० कृषकलाई) समेट्ने गरी कार्यान्वयन भएको। तर प्रायः अन्य स्थानीय तहहरूमा कार्यविधिको जटिलताले गर्दा कार्यान्वयन हुन नसकेको भन्ने जानकारी प्राप्त भएको
४	प्याजको बीउ उत्पादन कार्यक्रम	८	७९	बीउ उत्पादन अनुमति प्राप्त कृषक नभएकोले कार्यान्वयन नभएको।
५	व्यावसायिक तरकारी खेती कार्यक्रम	६	५५	सम्बन्धित सबै पालिकामा कार्यान्वयन भएको।
	जम्मा	५८	४८६.२८	



थाक्रे गाउँपालिका, धादिङ



लिशङ्खुपाखर, सिन्धुपाल्चोक



टि.पि.एस. नर्सरी तयारी (जिरी न.पा., दोलखा)



मेलुङ गाउँपालिका, दोलखा



घोडाघोडी नगरपालिका, कैलालीमा औद्योगिक आलु



पारिवारिक खेती (भिमदत्त नगरपालिका, कञ्चनपुर)



औद्योगिक आलुमा Crop Cutting गरिँदै (घोडाघोडी



व्यावसायिक तरकारी खेतीका लागि उत्पादन सामग्री वितरण (कोहलपुर न.पा., बाँके)

२.७ आ.व. २०८२/८३ मा यस केन्द्र तथा मातहतका फार्म केन्द्रहरूको वार्षिक अवधिसम्मको सेवाग्राही विवरण

कार्यालय	दलित		जनजाति		अन्य		कूल जम्मा		
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	जम्मा
राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	१८	२२	५७	९४	८८	१९८	१६३	३१४	४७७
तरकारी बाली विकास केन्द्र, ललितपुर	९५५	६७०	२२८५	१२९५	२७८५	१९५५	६०२५	३९२०	९९४५
तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम	८७	८८	२३३	१७७	५४३	४०४	८६३	६६९	१५३२
आलु बाली विकास केन्द्र, सिन्धुपाल्चोक	७१	१०३	३८०	३७६	३९८	५४५	८४९	१०२४	१८७३
अलैँची विकास केन्द्र, ईलाम	२१	१९	२०५	२६४	१८४	२४८	४१०	५३१	९४१
जम्मा	११५२	९०२	३१६०	२२०६	३९९८	३३५०	८३१०	६४५८	१४७६८



तरकारी बीउ उत्पादन सम्बन्धी कृषकस्तरीय तालिम (२०८३।०२।२७-३० गतेसम्म), रूकुम



तरकारी बाली विकास केन्द्र, खुमलटारमा प्याजको बेर्ना लिनका लागि लामबद्ध सेवाग्राहीहरू

राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका कार्यालयहरूको संक्षिप्त परिचय

३.१ तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर

परिचय

नेपालको आर्थिक विकासका लागि विशेष गरी तरकारी खेतीले महत्त्वपूर्ण योगदान दिन सक्ने कुरालाई दृष्टिगत गरी कृषि मन्त्रालयको तत्कालीन संरचना अनुसार वि.सं. २०३० सालमा तरकारी बीउ उत्पादन केन्द्रको स्थापना भएको हो। स्थापना कालदेखि नै यो केन्द्रले तरकारी बालीहरूको जातीय विकास कार्य गर्दै आएको छ। यस केन्द्रद्वारा केही तरकारी बालीहरूका उत्कृष्ट जातहरू छनौट गरी उन्नत जातहरूको विकास गरिएको छ र ती जातहरू मध्ये तत्कालीन नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले उन्मोचित गरी व्यावसायिक तरकारी खेतीको लागि सिफारिस गरिएको छ।

कृषि विकास मन्त्रालय तथा कृषि विभाग अन्तर्गतका सबै अनुसन्धान आयोजनाहरूको योजना कार्यान्वयन, अनुगमन र सुपरीवेक्षण सम्बन्धी कार्य हालको नेपाल कृषि अनुसन्धान परिषद्बाट गराउने गरी मिति २०४४/०७/२५ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार तरकारी बाली सम्बन्धी अनुसन्धानात्मक कार्यहरू नेपाल कृषि अनुसन्धान परिषद्लाई जिम्मा दिएपछि तरकारी बाली सम्बन्धी अनुसन्धान कार्यहरू बागवानी अनुसन्धान महाशाखाबाट सञ्चालन हुँदै आइरहेको थियो भने यस केन्द्रले मुख्यत: तरकारी बालीहरूको विभिन्न जातहरूका प्रजनन् एवम् मूल बीउ उत्पादन गरी जातीय सम्वर्द्धन कार्यलाई निरन्तरता दिनुको साथसाथै तरकारी बेर्ना उत्पादन तथा तरकारी खेतीमा संलग्न कृषकहरूलाई प्राविधिक सेवाटेवा दिई रहेको छ। विगतमा चार चरणः प्रथम, १९८१ फरवरीदेखि १९८४ जून (२०३०-२०४०) दोस्रो, १९८४ जुलाईदेखि १९८७ जुन (२०४०-२०४३) तेस्रो, १९८७ जुलाईदेखि १९९१ सम्म (२०४३-२०४७) र चौथो, सन् १९९२देखि १९९५ सम्म (२०४८-२०५२) गरी १४ वर्ष तरकारी बीउ उत्पादन योजना **"ताजा तरकारी तथा तरकारी बीउ उत्पादन आयोजना"** को नाममा योजनाहरू संयुक्त राष्ट्र खाद्य तथा कृषि सङ्गठन (FAO) को सहयोगमा सञ्चालन भएको थियो। त्यस अवधिमा तरकारी उत्पादन र तरकारी बीउ उत्पादन कार्यक्रम अन्तर्गत महत्त्वपूर्ण क्रियाकलापहरू सञ्चालन भएका थिए, जो निम्न प्रकार छन्।

- तरकारी बालीहरूका नयाँ जातहरू भित्र्याउने।
- भित्र्याइएका तरकारी बालीको जातहरू मध्ये उत्कृष्ठ जातको छनौट।
- जातीय सम्वर्द्धन गर्न प्रजनन् तथा मूल बीउको उत्पादन।
- कृषकस्तरमा प्रमाणित बीउको उत्पादन।
- बीउ प्रशोधनशालाको स्थापना र सशक्तिकरण।
- ताजा तरकारी एवम् तरकारी बीउ बजार विकास गर्ने।
- जनशक्तिको विकास।

उपरोक्त आयोजनाका मुख्य कार्यस्थलहरू मध्ये तरकारी बीउ उत्पादन केन्द्र, खुमलटार प्रमुख स्थलको रूपमा थियो। यस केन्द्रको परिसरभित्र आयोजनाको कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गरेको थियो। आयोजना काल समाप्त भएपछि तालिम घर, बीउ प्रशोधन संयन्त्र, जाली घरका फलामे फ्रेमहरू र काम लाग्ने तरकारी बीउ यस केन्द्रलाई हस्तान्तरण गरियो भने अन्य भौतिक सुविधाहरू (गाडीहरूसमेत) तत्कालीन तरकारी विकास महाशाखालाई हस्तान्तरण गरियो। आयोजनाले यस केन्द्रमा सिँचाइको पूर्वाधार जडान गर्न प्रयास गरेको तर त्यो अधुरो नै रह्यो।

मिति २०५२/०४/०१ देखि कृषि तथा सहकारी मन्त्रालयको सङ्गठनात्मक परिवर्तन पश्चात् यस केन्द्रलाई कृषि विभागको क्षेत्रीय कृषि निर्देशनालय अन्तर्गत राखी सञ्चालन हुँदै आएकोमा पछि यो केन्द्र नेपाल सरकारको वि.सं. २०५८ सालको निर्णय अनुसार तरकारी विकास निर्देशनालय अन्तर्गत सञ्चालित भई रहेको थियो।

मिति २०७५/०३/३२ को निर्णय अनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र स्थापना भयो र यसै केन्द्र मातहत तरकारी बाली विकास केन्द्र, खुमलटारलाई राखियो।

उद्देश्य

- तरकारी बालीको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- तरकारी बालीको विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- तरकारी बालीको बीउ तथा बेर्ना वितरण,
- तरकारी बाली उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम एवम् प्राविधिक सेवा प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- तरकारी बालीको विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र, सम्बन्धित ज्ञान केन्द्रहरू तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action-oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- तरकारी बालीको विकास सम्बन्धमा राष्ट्रिय स्रोत केन्द्रको रूपमा कार्य गर्ने,
- शहर केन्द्रित तरकारी उत्पादन प्रविधि प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको तरकारी सम्बन्धी अन्य कार्यहरू।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र बागमती प्रदेश, ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नं. १५ खुमलटारमा समुद्र सतहदेखि १३५० मिटरको उचाइमा रहेको छ। पाटनदेखि ५ कि.मि. टाढा २९° उत्तरी अक्षांश र ९५°१५' पूर्वी देशान्तरमा केन्द्र अवस्थित छ।

हावापानी

यहाँको हावापानी समशीतोष्ण किसिमको छ। औसत अधिकतम तापक्रम २४° सेन्टिग्रेड र न्युनतम तापक्रम ११° सेन्टिग्रेड तथा औसत वर्षा १०००-१६०० मि.मि. सम्म परेको पाइएको छ।

माटो

यस केन्द्रको माटो चिम्ट्याईलो र अम्लिय (पि.एच. मान ५.५) रहेको छ।

क्षेत्रफल र भू-उपयोग

यस केन्द्रको जम्मा ८ हेक्टर (१६० रोपनी) जमिन भए तापनि आ.व. २०५९/६० देखि २० रोपनी जमिन नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको तत्कालीन बागवानी अनुसन्धान महाशाखा (हाल राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र) लाई तरकारीको अनुसन्धान गर्ने प्रयोजनका लागि तथा ३० रोपनी जमिन इसिमोडलाई उपलब्ध गराइएको थियो। यस केन्द्रको जमिनलाई २ वटा Block मा छुट्टयाइएको छ। Block 'A' अन्तर्गत यस केन्द्रका कार्यालयहरू, आवास भवन, तालिम भवन तथा तरकारी बेर्ना उत्पादन, जातीय सम्वर्द्धन, प्रजनन् बीउ उत्पादन, तरकारी बाली सङ्ग्रहालय, गोदाम घर आदि पर्दछन् भने Block 'B' अन्तर्गतका जमिन विभिन्न कार्यालयहरू जस्तैः इसिमोडलाई (३० रोपनी), चिया तथा कफी विकास बोर्डलाई (४ रोपनी) तथा Gene Bank लाई (३६ रोपनी) उपलब्ध गराइएको छ भने बाँकी ३० रोपनी जग्गा (सिमसार) DDC लाई उपलब्ध गराइएको छ। Block 'A' अन्तर्गत केन्द्रले उपभोग गर्दै आएको जग्गाको विवरण यस प्रकार रहको छ।

- खेती गरिएको जमिन: २० रोपनी
- कार्यालय भवन, फार्म सिँचाइ र सडक पूर्वाधारले ढाकेको क्षेत्रफलः २० रोपनी
- **कूल जम्मा : ४० रोपनी**

३.२ तरकारी बीउ उत्पादन केन्द्र, चापा, रुकुम (पश्चिम भाग)

परिचय

नेपालमा तरकारी बीउ उत्पादनको विकास दिन प्रति दिन बढ्दै गइरहेको छ। तरकारी बीउ उत्पादनलाई प्रत्यक्ष सहयोग पुर्याउन सरकारीस्तरबाट तरकारी बीउ उत्पादन केन्द्र, रूकुमले महत्त्वपूर्ण कार्यहरू गर्दै आइरहेको छ। जहाँ तरकारीको ज्यादा माग हुन्छ, त्यहाँ तरकारी खेती प्रसस्त मात्रामा गरिन्छ। त्यसको लागि असल किसिमको गुणस्तरयुक्त तरकारीको बीउको आवश्यकता पर्दछ। असल खालको गुणस्तरयुक्त तरकारी बीउ उत्पादन गर्नको लागि उपयुक्त हावापानी भएको स्थान, दक्ष प्राविधिकहरू तथा उक्त स्थानमा कृषकहरूमा जागरूकताको आवश्यकता पर्छ। यसै सन्दर्भमा नेपाल सरकारले अधिराज्यका विभिन्न स्थानमा बागवानी फार्म केन्द्रहरूको स्थापना गर्ने क्रममा यस तरकारी बीउ उत्पादन केन्द्र, रूकुमको पनि स्थापना गरेको हो।

वि.सं. २०३५ सालमा यस तरकारी बीउ उत्पादन केन्द्रको स्थापना भएपछि तरकारी बाली सम्बन्धी अध्ययन परीक्षण जातीय सम्वर्द्धन तथा संरक्षण, प्रजनन् तथा मूल बीउ उत्पादन र वितरण जस्ता महत्त्वपूर्ण कार्यहरू केन्द्रीयस्तरको बीउ उत्पादन केन्द्रको रूपमा तरकारी विकास निर्देशनालयको नीति निर्देशनमा रही गर्दै आइरहेको छ। वि.सं. २०६१ श्रावणबाट नयाँ संरचना अनुसार यस केन्द्रलाई बाली विशिष्ट नाम दिई समशीतोष्ण तरकारी बीउ उत्पादन केन्द्र नामाकरण गरी यस केन्द्रको प्राविधिक, आर्थिक एवम् प्रशासनिक कार्य तरकारी विकास निर्देशनालयको मातहतमा रहेको थियो। मिति २०७५/०३/३२ को निर्णयानुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र स्थापना भयो र यसै अन्तर्गत यस केन्द्रको पुनः

तरकारी बीउ उत्पादन केन्द्र, रुकुम नामाकरण गरियो। यस केन्द्रको प्राविधिक, आर्थिक एवम् प्रशासनिक कार्य राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र मातहतमा रहेको छ।

उद्देश्य

- विभिन्न तरकारी बालीहरूको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- तरकारी बालीको विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- विभिन्न तरकारी बालीहरूको प्रजनन् तथा मूल बीउ उत्पादन गरी बीउ उत्पादक कृषकहरूलाई वितरण गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action-oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- बीउ उत्पादक कृषक तथा बीउ व्यवसायीहरूलाई तरकारी बीउ उत्पादन सम्बन्धी तालिम दिने,
- तरकारी बीउ उत्पादक कृषकहरूलाई प्राविधिक सेवा उपलब्ध गराउने,
- कृषकस्तरमा उत्पादित तरकारी बीउको गुणस्तर नियन्त्रण तथा सुपरीपेक्षण गर्ने,
- तरकारी बीउ का परीक्षण सेवा सञ्चालन गर्ने,
- विभिन्न तरकारी बालीको बीउ तथा बीउ उत्पादन प्रविधि सम्बन्धी स्रोत केन्द्रको रूपमा कार्य गर्ने,
- तरकारी बीउ उत्पादन सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित कृषि ज्ञान केन्द्रहरू तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- तरकारी बीउ उत्पादन तथा ताजा तरकारी उत्पादनमा नविनतम् प्रविधिको प्रयोग एवम् प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको तरकारी विकास सम्बन्धी अन्य कार्यहरू।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र कर्णाली प्रदेश, रूकुम पश्चिम जिल्लाको मुसिकोट नगरपालिकाको चापा भन्ने स्थानमा रहेको छ र मध्यपहाडी क्षेत्रमा समुद्र सतहदेखि १४५० मिटरको उचाइमा २८°३६' उत्तरी अक्षांश र ८२°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ। यो केन्द्र दक्षिण मोहडामा परेकोले बिहान सूर्योदयदेखि साँझ सूर्यास्तसम्म घाम लागि रहन्छ।

हावापानी

यस केन्द्रको हावापानी समशीतोष्ण किसिमको छ। औसत अधिकतम तापक्रम २४° सेन्टिग्रेड र न्युनतम तापक्रम १३° सेन्टिग्रेड तथा वर्षा १४०० मि.मि. देखि २२०० मि.मि. सम्म परेको पाइएको छ। यहाँको हिउँद चिसो, गृष्म न्यानो तथा सुक्खा र मनसुन ढिलो गरी आउने र हिउँदको दिनमा कहिलेकाहीं हिउँसमेत झर्छ र हल्का तुषारो पनि परेको पाइन्छ। यहाँको औसत सापेक्षिक आर्द्रता ७९.१ प्रतिशत छ। कहिलेकाहीं गृष्म ऋतुमा असिनासमेत पर्ने गर्छ।

माटो

यस केन्द्रको प्रायःजसो माटो दोमट बलौटे किसिमको छ। माटोको पि.एच. मान ५.२ रहेको छ।

सिँचाइ

मध्यपहाडी एवम् उच्चपहाडी डाँडाँ कन्दरा भए पनि रूकुम जिल्लाको हरेक पाखो तथा खेतमा प्रसस्त मात्रामा सिँचाइको सुविधा छ। यस केन्द्रमा पनि पान खोलाबाट ल्याइएको कुलोले वर्षभरि नै सिँचाइको सुविधा प्राप्त छ।

क्षेत्रफल र भू-उपयोग

- यस केन्द्रको जम्मा क्षेत्रफल ५.८५ हेक्टर (११४.९९ रोपनी) छ। भू-उपयोग यस प्रकार रहको छ।
- खेती योग्य क्षेत्रफल - ४.६० हेक्टर
- खेती गरिएको क्षेत्रफल - ४.६० हेक्टर
- कार्यालय भवन फार्म सिँचाइ र सडक पूर्वाधारले ढाकेको क्षेत्रफल - १.२५ हेक्टर
- **कूल जम्मा - ५.८५ हेक्टर**

३.३ अलैँची विकास केन्द्र, फिक्कल, ईलाम

परिचय

कोशी प्रदेश स्थित ईलाम जिल्लाको सूर्योदय नगरपालिकाको पान्दाम भन्ने स्थानमा वि.सं. २०३२ सालमा अलैँची विकास आयोजनाको नाममा ३४५ रोपनी जग्गा खरिद भई अलैँची अनुसन्धान तथा विकास कार्यक्रमको थालनी भएको पाइन्छ। वि.सं. २०३९ सालमा तत्कालीन अलैँची विकास आयोजना नेपाल चिया विकास निगममा गाभिएको र वि.सं. २०४४ मा नेपाल सरकारको निर्णयले मिति २०४५/०५/२९ देखि नेपाल चिया विकास निगमबाट अलग भई अलैँची बाली विकास कार्यक्रम नामाकरण भएको थियो। कृषि विभागको परिवर्तित संरचना अन्तर्गत वि.सं. २०४७ मा बागवानी विभाग अन्तर्गत रही पुनः वि.सं. २०४९ मा कृषि विभागको एकीकरण पश्चात् कृषि विकास विभाग अन्तर्गत रही वि.सं. २०५० सालदेखि अलैँची विकास केन्द्रको रूपमा अलैँची विकास सम्बन्धी कार्य गर्दै आएको छ र अलैँची बाली हेर्ने नेपाल अधिराज्यको यो एउटा मात्र केन्द्र हो। मिति २०७५/०३/३२ को निर्णयअनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र स्थापना भयो र यसै अन्तर्गत अलैँची विकास केन्द्र, फिक्कल रहेको छ।

उद्देश्य

- अलैँचीको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- अलैँची विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- नविनतम् प्रविधि जस्तैः तन्तु प्रजनन् आदिको उपयोग गरी रोगरहित अलैँची बेर्ना उत्पादन तथा वितरणको कार्य गर्ने,
- अलैँची उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम तथा प्राविधिक सेवा प्रदान गर्न,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- अलैँचीको विकास सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित कृषि ज्ञान केन्द्रहरू तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,

- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action-oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- अलैंचीको बीउ, बेर्ना तथा प्रविधिको राष्ट्रिय स्रोत केन्द्रको रूपमा कार्य गर्ने,
- अलैंची उत्पादन सम्बन्धी उन्नत प्रविधिको प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको अलैंची विकास सम्बन्धी अन्य कार्यहरू।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र कोशी प्रदेश, ईलाम जिल्लाको सूर्योदय नगरपालिकाको पान्दाम भन्ने स्थानमा समुद्र सतहदेखि १२०० देखि १६०० मिटरको उचाइमा अवस्थित छ। केन्द्र पश्चिम उत्तर मोहडामा परेको छ। केन्द्रभित्र कार्यालय र आवास क्षेत्र करिब ३ कि.मि. दूरीमा रहेका छन्। कार्यालय फिक्कल बजारदेखि करिब ५ कि.मि. को दूरीमा बरबोटेबाट पश्चिमतर्फ गोरखा जाने कच्ची सडक भएर जानु पर्दछ।

हावापानी तथा माटो

यस केन्द्रको हावापानी उपोष्ण किसिमको छ। यहाँ औसत अधिकतम तापक्रम २१.८° सेन्टिग्रेड र न्युनतम तापक्रम १२.७° सेन्टिग्रेड तथा वर्षा २३०० मि.मि. देखि २४०० मि.मि. सम्म रहेको छ। यस केन्द्रको प्रायः जसो माटो बलौटे दोमट किसिमको छ। माटोको पि.एच. मान ५.५-६.५ भएको पाइएको छ।

क्षेत्रफल र भू-उपयोग

यस केन्द्रको जम्मा क्षेत्रफल १९ हेक्टर (३७३.५ रोपनी) छ। भू-उपयोग यस प्रकार रहको छ।

- नर्सरी क्षेत्र -३.६१ हेक्टर
- अलैंची बगानले ढाकेको क्षेत्रफल- ०.५१ हेक्टर
- कार्यालय परिसर- १.८८ हेक्टर
- कर्मचारी आवास क्षेत्र -१.३७ हेक्टर
- जङ्गल भीर र खोल्साले ढाकेको क्षेत्रफल -११.२६ हेक्टर
- **कूल जम्मा - १९ हेक्टर (३७३.५ रोपनी)**

३.४ आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक

परिचय

राष्ट्रको आलु बाली विकास कार्यक्रमलाई सहयोग पुर्याउन बीउ आलु, आलु बीयाँ (T.P.S.) उत्पादन एवम् अन्य आलु उत्पादन सम्बन्धी प्रविधिको विकास गर्ने उद्देश्यले वि.सं. २०३२ सालमा सिन्धुपाल्चोक जिल्लाको लिशङ्खुपाखर गाउँपालिका (साविक जेठल गा.वि.स. वार्ड नं. ९) निगालेमा यस केन्द्रको स्थापना भएको हो। स्थापना कालदेखि गुणस्तरीय बीउ उत्पादनको अलावा आलु उत्पादन प्रविधिहरू बाह्य सेवा कार्यक्रम अन्तर्गत किसान समुदायमा हस्तान्तरण गर्ने, आई.पि.एम. कृषक पाठशाला एवम् स्थलगत तालिम, प्रदर्शनी आदि कार्यक्रम सञ्चालन गरी आलु बाली विकास सम्बन्धी कार्य गर्दै आएको छ।

यस केन्द्रले स्थापनाकाल २०३२ देखि नै राष्ट्रियस्तरमा आलु बाली विकासका कार्यक्रमहरू मध्ये बीउ आलु उत्पादनमा प्रमुख भूमिका खेल्दै आएकोमा आ.व. २०४४/४५ मा खैरो पिप चक्के रोगको कारण बीउ आलु उत्पादन कार्यक्रम बन्द हुन पुग्यो। तथापि खैरो पिप चक्के रोगको नियन्त्रण एवम् व्यवस्थापन गर्दै रोग

नियन्त्रणमा ल्याई आ.व. २०५२/५३ देखि पुनः बीउ आलु उत्पादन कार्यक्रमको साथै वाह्य सेवा सञ्चालन कार्यक्रम तथा बीयाँबाट आलु खेती प्रविधिको प्रसारसमेत गर्दै वि.सं. २०५४/५५ देखि आलु बीयाँसमेत उत्पादन गर्न सक्षम भई वार्षिक औसत १५ के.जी. आलु बीयाँ उत्पादन गर्दै आएको छ। मिति २०७५/०३/३२ को निर्णय अनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र स्थापना भयो र यसै अन्तरगत यस केन्द्रको पुनः आलु बाली विकास केन्द्र, निगाले नामाकरण गरियो।

उद्देश्य

- आलु बालीको जातीय संरक्षण एवम् सम्वर्द्धन,
- आलु बालीको विकास सम्बन्धी राष्ट्रिय व्यावसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- टिस्यु कल्चर प्रविधिको उपयोग गरी रोगरहित बीउ आलु उत्पादन तथा वितरणको कार्य,
- टि.पि.एस. तथा टिस्युकल्चर लगायतका प्रविधिको प्रयोग गरी आलु उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम तथा प्राविधिक सेवा प्रदान गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- आलु बालीको विकास सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित ज्ञान केन्द्र तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय एवम् सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action-oriented) अध्ययन परीक्षण सञ्चालन गर्ने,
- टि.पि.एस., पि.वि.एस. र बीउआलुको राष्ट्रिय स्रोत केन्द्रको रूपमा कार्य गर्ने,
- आलु बाली उत्पादन सम्बन्धी उन्नत प्रविधि प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको आलु बाली विकास सम्बन्धी अन्य कार्यहरू गर्ने।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्लाको लिसंखुपाखर गाउँपालिकाको निगालेमा अवस्थित छ। यस केन्द्रको उचाइ समुद्र सतहबाट २५५० मि. रहेको छ भने यसको क्षेत्रफल ११० रोपनी (५.५ हे.) छ। काठमाडौँदेखि ११० कि.मि. दूरीमा अवस्थित यस केन्द्रमा पुग्न जिरी राजमार्ग हुँदै मुडे र मुडेबाट मुडे-दोरम्बा सडकको डेढ किलोमिटर पूर्वमा बसबाट अथवा मुडेबाट १५ मिनेटको पैदल हिड्नु पर्छ।

हावापानी तथा माटो

यस केन्द्रको हावापानी शीतोष्ण किसिमको छ। यहको न्यूनतम तापक्रम -८० सेन्टिग्रेड र अधिकतम तापक्रम १९° सेन्टिग्रेडदेखि २३° सेन्टिग्रेडबीच रहने गरेको छ। साधारणतया वार्षिक औसत अधिकतम तापक्रम १५° सेन्टिग्रेड र न्यूनतम ९° सेन्टिग्रेड रहेको पाइएको छ। वार्षिक औसत आर्द्रता ८२ प्रतिशत र वर्षा ४०८८ मि.मि. हुने गरेको तथ्याङ्कले देखाउँछ। आषाढ, श्रावण, भाद्रमा अत्याधिक वर्षा हुने, कार्तिकदेखि तुषारो पर्ने र पौष, माघ र फागुनमा हिउँ पर्ने गर्दछ। फागुनदेखि वैशाखसम्म हावाहुरी चल्ने र असिना पर्ने गर्दछ। यस केन्द्रको प्रायः सबै माटो दोमट किसिमको छ। केन्द्रको केही गह्राहरूमा वर्षा याममा बढी वर्षाको कारण पानी जम्ने तथा पानी मूल आउने समस्या छ। माटोमा अम्लियपना (पि.एच.) ४.५-५ सम्म रहेको छ।

क्षेत्रफल र भू-उपयोग

यस केन्द्रको कूल क्षेत्रफल ५.५ हेक्टर मध्ये झण्डै ३.८१ हेक्टर जमिन मात्र खेतीको लागि उपयोगी रहेको र ०.६६ हेक्टर क्षेत्रमा कार्यालय भवन निवास, फार्म सिँचाइ र सडक पूर्वाधार तथा स्टोरले उपयोग गर्नुको साथै बाँकी जमिन १.०५ हे. भीरपाखो तथा जङ्गलले ओगटेको छ भने ०.६ हेक्टर भाडामा लिई खेती गरिएको छ।

प्रदेश सरकार अन्तर्गत रहेका (सावित तरकारी विकास निर्देशनालय अन्तर्गत) फार्म केन्द्रहरूको विवरण

३.५ बागवानी विकास केन्द्र, पाँचखाल, काभ्रे

परिचय

मध्यपहाडी क्षेत्रको उपोष्ण हावापानीमा हुने बागवानीजन्य बालीहरूको विकास र प्रसार गरी त्यस क्षेत्रका किसानहरूको जीवनस्तर उठाउने उद्देश्यले नेपाल सरकारले वि.सं. २०३१ सालमा काभ्रे जिल्लाको पाँचखाल गा.वि.स. वडा नं. ६ स्थित तामाघाटमा बृहत् बागवानीको रूपमा यस केन्द्रको स्थापना गरेको हो। पछि बृहत् शब्द हटाएर यसको नाम बागवानी फार्म राखियो। नेपाल सरकारको निर्णयअनुसार २०४९ सालमा यस केन्द्रलाई निजीकरण गर्ने अभिप्रायले लिजमा दिइएको थियो। तर लिजमा गएको दुई वर्ष नपुग्दै यस केन्द्रमा रहेका भौतिक, वानस्पतिक संरचनादेखि विभिन्न बालीका बहुमूल्य जर्मप्लाज्महरू नष्ट भए फलस्वरूप २०५१ सालमा सरकारले यस केन्द्रलाई पुनः फिर्ता लिई प्राविधिक एवम् प्रशासनिक कार्य फलफूल विकास निर्देशनालयको मातहतमा रहने गरी कार्यक्रम सञ्चालन गरेको थियो। २०६१ श्रावणबाट नया संरचना अनुसार यस केन्द्रलाई बाली विशिष्ट नाम दिई मसलाबाली विकास केन्द्र नामाकरण गरियो। यस केन्द्रले प्रत्यक्ष रूपमा आफ्नो प्रभाव क्षेत्रमा पर्ने जिल्लाहरू काभ्रे, सिन्धुपाल्चोक, दोलखा र रामेछापमा तथा अप्रत्यक्ष रूपमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै कृषक वर्गमा सेवा प्रदान गर्दै आइरहेको छ। स्थापनाकाल देखिनै यस केन्द्रले तरकारी, आलु, फलफूल, कफी, अदुवा, बेसार आदिको बीउ/बेर्ना/बिरुवा उत्पादन एवम् बिक्री वितरण, बागवानीजन्य बाली सम्बन्धी अध्ययन परीक्षण, फूलका बेर्ना उत्पादन, बिक्री वितरण, स्थलगत तालिम, बगैँचा तथा निजी नर्सरी निरीक्षण आदि कार्य गर्दै आइरहेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको निर्णयानुसार वि.सं. २०८० माघ महिनाबाट यस केन्द्रलाई बागवानी विकास केन्द्र नामकरण गरिएको छ।

उद्देश्य

- निर्यातमुखी मसलाबाली खेती गर्नेतर्फ कृषकहरूलाई अभिप्रेरित गर्ने।
- उन्नत जातका विभिन्न तरकारी बालीका बीउ/बेर्नाहरू उत्पादन गरी कृषकहरूलाई मौसमी तथा बेमौसमी तरकारी खेती गर्न प्रोत्साहित गर्ने।
- उपोष्ण हावापानीमा हुने सदाबहार फलफूलका बिरुवाहरू उत्पादन गरी कृषकहरूलाई वितरण गर्ने।
- बढी मोल जाने तरकारी बाली, कफी बिरुवा तथा मसलाबाली खेतीको माध्यमबाट आयस्तरमा सुधार हुने भन्ने तथ्य कृषकहरूलाई जानकारी गराई त्यसतर्फ अघि बढ्न अग्रसर गराउने।
- कुपोषणबाट बच्न खानामा दैनिक तरकारी, मसला तथा फलफूलको प्रयोग गर्ने बानी बसाल्न मानिसहरूमा प्रचार प्रसार गर्ने।

केन्द्रको भौगोलिक स्थिति

यस केन्द्र बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लामा नेपालको राजधानी काठमाडौँबाट करिब ४३.५ कि.मी. दक्षिण पूर्व काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिकास्थित तामाघाटमा समुन्द्र सतहबाट करिब ८६५ मिटरको उचाइमा अवस्थित छ।

हावापानी तथा माटो

केन्द्रको हावापानी उपोष्ण किसिमको छ। यहाँको औसत उच्चतम तापक्रम २२-२३° सेन्टिग्रेड, न्यूनतम तापक्रम १७-१८° सेन्टिग्रेड एवम् औसत वार्षिक वर्षा ९५० देखि १५०० मि.मि. रहेको छ। केन्द्रको माटो चिम्टाइलो दोमट किसिमको, पि.एच. मान ४.७-५.५ र माटोमा प्राङ्गारिक पदार्थ २.०%-३.५% रहेकोछ।

क्षेत्रफल र भू-उपयोग

यस केन्द्रको कूल क्षेत्रफल करिब ७.५ हेक्टर (१५० रोपनी) छ। जसमा कार्यालय भवन, आवास भवन, तालिम भवन, गोदाम घर पर्दछन् भने मसला तथा तरकारीको बीउ उत्पादन, फलफूल तथा तरकारीका बिरुवा/बेर्ना उत्पादन, जातीय सम्वर्द्धन, तरकारी बाली सङ्ग्रहालय आदि कार्यक्रम सञ्चालनमा छन्।

३.६ बागवानी विकास केन्द्र, सिन्धुली

परिचय

सिन्धुली जिल्लाको सदरमुकाममा रहेको यस केन्द्रलाई बीचमा बग्ने ग्वाङ (गामती) खोलाले सिन्धुलीमाढी बजारबाट छुट्याएको छ। वि.सं. २०३१ साल भाद्र १ गते यो केन्द्रको विधिवत् स्थापना भएको हो। स्थापना कालमा बाली प्रदर्शनको माध्यमले कृषकहरूलाई जागरुक गर्ने र विभिन्न बालीहरूको उन्नत बीउ उत्पादन गरी कृषकहरूलाई स्वस्थ बीउ बिजन बिक्री वितरण गरी कृषि उत्पादनमा वृद्धि ल्याउने काममा यस केन्द्रले मद्दत पुर्‍यायो। आ.व. २०३८/३९ देखि यसका कृयाकलापहरू बाली प्रदर्शन र बीउ उत्पादनमा मात्र सिमित नरही सुन्तलाजात फलफूलको एक प्रमुख बाली जुनार खेती सिन्धुली र रामेछाप जिल्लाको अधिकांश भू-भागमा विकास र विस्तार गर्न सक्ने सम्भावनालाई ध्यान दिई फार्मभित्र र निजी क्षेत्रमा गुणस्तरीय बिरुवा उत्पादन गरी बिरुवाको माग आपूर्ति गर्ने र जुनार खेती सम्बन्धी अन्य प्राविधिक सेवा पुर्‍याउने महत्त्वपूर्ण काम पनि यस केन्द्रको कार्य क्षेत्रभित्र थपियो। यस क्षेत्रमा बागवानीको समग्र विकासका अपरिहार्यतालाई महसुस गरी वि.सं. २०४७ मा यसको नाम कृषि फार्मबाट बागवानी फार्ममा परिणत गरियो र सोही लक्ष्य अनुरूप कार्यक्रमहरू सञ्चालन गरी बागवानीको सर्वतोमुखी विकासमा संलग्न रही आएको छ। वि.सं. २०५२ सालदेखि यसको नाम बागवानी केन्द्र सिन्धुलीमा परिणत भएकोमा आ.व. २०६०/६१ देखि कन्दमूल तरकारी विकास केन्द्रमा परिणत भएको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको निर्णयानुसार वि.सं. २०८० माघ महिनाबाट यस केन्द्रलाई बागवानी विकास केन्द्र नामाकरण गरिएको छ।

उद्देश्य

- कन्दमूल तरकारी सङ्कलन संरक्षण र सम्वर्द्धन गरी उपयुक्त जातीय छनौट तथा विकास विस्तार गर्ने कार्यमा प्राथमिकता दिने,
- उच्च गुणस्तरका फलफूलका बिरुवा, तरकारी बीउ/बेर्नाहरू उत्पादन गरी बिक्री वितरण गर्ने,

- सिन्धुली र रामेछाप जिल्लाका कृषकहरूलाई कन्दमूल तरकारी एवम् फलफूल (विशेषतः जुनार) खेतीमा प्राविधिक सेवा पुर्याउने,
- कन्दमूल तरकारी एवम् फलफूलमा उत्पादन, भण्डारण तथा प्रशोधन सम्बन्धी प्रविधि विकास गर्ने।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र बागमती प्रदेशको सिन्धुली जिल्ला कमलामाई नगरपालिका-४, मधुटारमा समुन्द्र सतहबाट करिब ४५० मिटरको उचाइमा अवस्थित छ। पूर्वमा ग्वाङ खोला र माडी बजार, पश्चिममा जङ्गल, उत्तरमा धुरा बजार, दक्षिणमा मधुटार यस केन्द्रका सिमाना रहेका छन्।

हावापानी

केन्द्रको हावापानी उष्ण मनसुनी किसिमको छ। यहाँको औसत अधिकतम तापक्रम ३७° सेन्टिग्रेड, न्यूनतम तापक्रम ३.५° सेन्टिग्रेड एवम् औसत वार्षिक वर्षा २००० देखि २१०० मि.मि. रहेको छ।

३.७ बागवानी विकास केन्द्र, जुफाल, डोल्पा

परिचय

वि.सं. २०३२ सालमा बागवानी फार्म मार्फा, मुस्ताङको मातहतमा सञ्चालन हुने गरी नर्सरी उपकेन्द्र, डोल्पाको नाममा डोल्पा जिल्लामा यस केन्द्रको स्थापना भएको थियो। जब बागवानी फार्म मार्फा वि.सं. २०५२ साल श्रावण महिनादेखि राष्ट्रिय कृषि अनुसन्धान परिषद्बाट अलग गरी कृषि विभागलाई हस्तान्तरण भयो त्यही समयबाट बागवानी फार्म, मार्फाको नर्सरी उपकेन्द्रको रूपमा रहेको यस केन्द्रलाई पनि बागवानी केन्द्र, डोल्पाको नामबाट नयाँ कार्यालयको रूपमा स्थापना गरियो र सोही समयदेखि यस केन्द्रले स्वतन्त्र रूपमा आफ्नो कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। वि.सं. २०२३ सालमा पश्चिम तथा मध्यपश्चिमको दुर्गम उच्च हिमाली जिल्लाहरूमा बागवानी विकासको कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी निम्न आय भएका स्थानीय कृषकहरूको जीवनस्तरमा सुधार गर्ने उद्देश्य लिई रोजगारीमा अभिवृद्धि गर्ने, आयआर्जनको अवसर प्रदान गर्ने कार्यमा यस केन्द्रले योगदान पुर्याएको छ। नेपालको भौगोलिक भू-बनौटले गर्दा उत्तरी हिमाली जिल्ला त्यसमा पनि मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लामा स्याउ खेती तथा तरकारी बीउ उत्पादनको ठूलो सम्भावना रहेको छ। वि.सं. २०६१ श्रावणबाट नयाँ संरचना अनुसार यस केन्द्रलाई बाली विशिष्ट नाम दिई "शीतोष्ण तरकारी बीउ उत्पादन केन्द्र" नामाकरण गरिएको थियो। देश सङ्घीयतामा गए लगतै कर्णाली प्रदेश सरकारको निर्णय अनुसार शीतोष्ण तरकारी बीउ उत्पादन केन्द्रबाट नाम परिवर्तन भई वि.सं. २०७६ सालदेखि बागवानी विकास केन्द्र नामाकरण गरिएको छ। हाल यस केन्द्र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशको मातहतमा रहेको छ।

उद्देश्य

- डोल्पा स्नोबल काउली, टोकीनासी मुला, मार्फा चौडापात रायो, फोर्ड हुक जायन्ट स्वीसचार्ड, न्यूकोरोदा गाजर जस्ता तरकारी बालीको मूल तथा उन्नत बीउ उत्पादन गरी कृषकस्तरमा बिक्री वितरण गर्ने।
- यस केन्द्र वरपरका कृषकहरूको खेतबारीमा भएको तरकारी र फलफूल खेतीमा देखा परेका समस्याबारे प्राविधिक सरसल्लाह दिने।
- तरकारी बीउ उत्पादनतर्फ तालिम कार्यक्रम आयोजना गरी कृषकहरूलाई गुणस्तरीय बीउ उत्पादन गर्ने बारे जानकारी दिने।

- यस भेगमा हुने विभिन्न तरकारी बालीका जात सङ्कलन तथा सम्वर्द्धन गर्ने।
- गरिबी, अशिक्षा र अज्ञानताको कारणबाट तरकारी खाने बानी नपरेका जिल्लाका अधिकांश मानिसहरूलाई ताजा तरकारी खानेबानी बसाली उनीहरूको स्वास्थ्यमा क्रमिक सुधार ल्याउने।
- निजी क्षेत्रमा वृहत रूपमा ताजा तरकारी एवम् तरकारी बीउ उत्पादन गर्ने बानी बसाली कृषकहरूको आय स्रोत बढाई जीवनस्तरमा सुधार ल्याउने।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र कर्णाली प्रदेशको डोल्पा जिल्ला साविक जुफाल गा.वि.स. वडा नं. १ मा समुन्द्र सतहबाट करिब २४८५ मिटरको उचाइमा अवस्थित छ। केन्द्रको हावापानी शीतोष्ण किसिमको छ। यहाँको अधिकतम तापक्रम २२° सेन्टिग्रेड, न्यूनतम तापक्रम -२° सेन्टिग्रेड एवम् वार्षिक वर्षा ९०० देखि ११०० मि.मि. रहेको छ।

क्षेत्रफल र भू-उपयोग

यस केन्द्रको क्षेत्रफल करिब २.० हेक्टर (४० रोपनी) छ। जसमा कार्यालय भवन, आवास भवन पर्दछन् भने तरकारी प्रजनन् तथा मूल बीउ उत्पादन, तरकारी बेर्ना उत्पादन, जातीय सम्वर्द्धन, तरकारी बाली सङ्ग्रहालय आदि कार्यक्रम सञ्चालनमा छन्।

३.८ बागवानी विकास केन्द्र, दार्मा, हुम्ला

परिचय

चौथो पञ्चवर्षीय योजना अवधिमा कृषि क्षेत्रमा बागवानी विकासको अध्ययन गरी बागवानी विकासको सम्भाव्यता देखिएकोले हुम्ला जिल्लामा नेपाल सरकारले वि.सं. २०२८ साल मार्ग ९ गते यस केन्द्रको स्थापना गरेको हो। स्थापना कालदेखि विभिन्न भौगालिक, सामाजिक, आर्थिक समस्याका बावजुद आफ्नो कार्यक्रम सञ्चालन गरी जनमुखी भइसकेको अवस्थामा आ.व. २०४९/५० देखि २०५२/५३ भाद्र मसान्तसम्म यो केन्द्र निजीकरणमा गएको थियो। आ.व. २०५२/५३ को आश्विन १ गतेबाट कृषि विभागको पुनः प्रत्यक्ष सञ्चालनमा भए तापनि जनशक्ति र बजेट व्यवस्था हुन नसकेकोले २०५३ आषाढ मसान्तसम्म जिल्ला कृषि विकास कार्यालय, हुम्लाको साधारण रेखदेखमा रह्यो।

आ.व. २०५३/५४ मा फलफूल विकास महाशाखाको अग्रसरतामा बजेट व्यवस्था भए पश्चात् कर्मचारीहरूको व्यवस्था नभएसम्मका लागि विभिन्न फार्म/केन्द्रहरूबाट प्राविधिक कर्मचारीहरू काजमा सरुवा गरी कार्य सञ्चालन गराइएको थियो भने वि.सं. २०५८ साल चैत्र महिनादेखि कूल १३ जना कर्मचारीहरूको दरवन्दी सृजना गरी कार्य सञ्चालन हुँदै आइरहेकोमा वि.सं. २०६१ वैशाखदेखि लागू भएको नयाँ विभागीय संरचना अनुसार यस केन्द्रको नाम आलु बाली विकास केन्द्र, दार्मा भएको थियो। देशमा सङ्घीयता पश्चात् कर्णाली प्रदेश सरकारको निर्णय अनुसार आलु बाली विकास केन्द्रबाट नाम परिवर्तन भई वि.सं. २०७६ सालदेखि बागवानी विकास केन्द्र नामाकरण गरी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र हुम्ला जिल्लाको सदरमुकाम सिमीकोटबाट ४३ कोष दक्षिण पूर्व र मुगु जिल्लाको सदरमुकाम गमगडीदेखि १८ कोष उत्तर पश्चिममा २९° उत्तरी अक्षांश तथा ८२° पूर्वी देशान्तर एवम् समुद्र सतहदेखि

२२३० मिटर उचाइमा चङ्खेली गा.पा.-२ हुम्ला (साविक दार्मा गा.वि.स. वडा नं. २ लुम) भन्ने स्थानमा अवस्थित छ।

हावापानी तथा माटो

केन्द्रको हावापानी शीतोष्ण किसिमको छ। यहाँको औसत अधिकतम तापक्रम २६° सेन्टिग्रेड, न्यूनतम तापक्रम ९° सेन्टिग्रेड एवम् वार्षिक वर्षा १००० देखि १२०० मि.मि. रहेको छ। वर्षा हुने समय आषाढदेखि आश्विन १५ सम्म, तुषारो आश्विन अन्त्यदेखि चैत्रसम्म, हिमपात मङ्सिरदेखि वैशाखसम्म हुने गर्दछ। घाम लाग्ने समय वर्षा याममा बिहान ९:४५ देखि बेलुका ५:३० सम्म हिउँद याममा बिहान ११:३० देखि बेलुका ३:२० सम्म रहेको छ। केन्द्रको माटो चिम्टाइलो दोमट किसिमको र पि.एच. मान ६.५-७.५ रहेको छ।

३.९ तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा तरकारी बीउ उत्पादन केन्द्र, डडेल्धुरा

परिचय

वि.सं. २०४३ साल पौषमा स्थापना भएको यस केन्द्रले डडेल्धुरा जिल्लाको बीच भाग भएर गएको महेन्द्रनगर-धनगढी, धनगढी-डडेल्धुरा भीममार्ग, डडेल्धुरा-बैतडी (दशरथ मार्ग), बैतडी-दार्चुला, बैतडी-बझाङ (जयपृथ्वी बहादुर सिंह मार्ग), डडेल्धुरा-डोटी-अछाम राजमार्गको मध्यबाट यस क्षेत्रको तरकारी खेतीको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ। केन्द्रले विभिन्न तरकारी बालीका विभिन्न जातहरूको बीउ/बेर्ना उत्पादन तथा वितरणका साथै जातीय सम्वर्द्धन, परीक्षण, तालिम कार्यक्रम, प्रदर्शन, जर्मप्लाज्म सङ्कलन, बाह्य सेवा कार्यक्रम र कृषकस्तरमा बीउ तथा ताजा तरकारी उत्पादन कार्यमा सहयोग पुर्याउँदै आएको छ। वि.सं. २०६१ वैशाखदेखि लागू भएको नया विभागीय संरचना अनुसार यस केन्द्रको नाम तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा तरकारी बीउ उत्पादन केन्द्र, डडेल्धुरा रहन गएको छ। सङ्घीयता पश्चात् यस केन्द्र सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहेको छ।

उद्देश्य

- विभिन्न तरकारीका स्थानीय जात सङ्कलन, अध्ययन, सुधार तथा विकास गर्ने र उन्नत जातका तरकारी बीउबारे परीक्षणहरू गर्ने।
- उपयुक्त, तरकारीको मूल बीउ उत्पादन गरी केन्द्रको प्रभाव क्षेत्रमा निजीस्तरमा व्यावसायिक बीउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय कृषकहरूको तरकारीमा भएका समस्याहरूको अध्ययन परीक्षण सञ्चालन गर्ने तथा उपयुक्त प्रविधिको विकास गर्ने।
- प्रभाव क्षेत्रमा तरकारी प्रविधि प्रसारमा काम गर्ने प्राविधिकहरूलाई र स्थानीय कृषकहरूलाई तरकारी प्रसारमा प्राविधिक मद्दत दिने तथा तालिमको व्यवस्था गर्ने।
- सुदूरपश्चिम क्षेत्रको ताजा तरकारी र तरकारी बीउ उत्पादनको लागि मुख्य सेवा केन्द्रको रूपमा काम गर्ने।
- केन्द्रको प्रभाव क्षेत्रमा तरकारी बीउ र ताजा तरकारी उत्पादन पकेटको विकास गरी स्थानीय आवश्यकता पूरा गर्न काम गर्ने।
- विभिन्न किसिमको तरकारी बीउ/बेर्ना उत्पादन गरी कृषकहरूलाई सहुलियत मूल्यमा बिक्री गर्ने।

केन्द्रको भौगोलिक स्थिति

यो केन्द्र सुदूरपश्चिम प्रदेश, डडेल्धुरा जिल्लाको सदरमुकामदेखि ३.५ कोश दक्षिण अमरगढी नगरपालिकाको महाभारत पर्वतको उत्तरी काखमा अवस्थित छ। उत्तरी मोहडा परेको यस केन्द्रको उचाइ समुद्री सतहबाट १६१० मिटर रहेको छ।

हावापानी

केन्द्रको हावापानी लेकाली (Warm Temperate) किसिमको छ। अधिकतम तापक्रम २७° सेन्टिग्रेड र न्यूनतम तापक्रम ३° सेन्टिग्रेड पुग्छ। वर्ष भरीको सालाखाला वर्षा १५०० देखि १७०० मि.मि. सम्म हुन्छ। आषाढदेखि भाद्रसम्म अत्यधिक वर्षा हुन्छ। सुक्खा समय फाल्गुणदेखि वैशाख र मङ्सिरदेखि माघसम्म अति नै जाडो हुन्छ। कार्तिकदेखि फाल्गुणसम्म तुषारो परिरहने र तापक्रम कम हुने भएकोले तरकारीका बेर्ना उम्रिन ढिलाई हुन जान्छ। यस भेगमा चैत्रदेखि आषाढसम्म अत्यधिक असिना पर्ने भएकोले तरकारी बीउ उत्पादनमा ठूलो क्षति पुर्याउँछ।

माटो

यहाँको माटो चिम्ट्याइलो दोमट र बलौटे दोमट किसिमको ५ देखि ६.५ सम्म पि.एच. मान भएको छ। उर्वराशक्ति ह्रास भएको कारणबाट रसायनिक मलको जोडले मात्र उत्पादन लिन सकिरहेको छ।

सिँचाइ

केन्द्रमा सिँचाइ डोटी खोलाबाट ल्याइएको तल्लो कुलो (काठे, बाँध, विगत २०५६/५७ मा NISP कार्यक्रमबाट पक्की भइसकेको) बाट गर्ने गरिएको छ। उक्त कुलोले केन्द्रको करिब २०-२५ रोपनी मात्र सिँचाइ हुन सक्छ भने माथिल्लो कुलोले अस्थायी रूपमा २०-२५ रोपनी मात्र सिँचाइ हुन सक्ने तर बेलाबेलामा भत्किई अवरूद्ध हुने र केन्द्रकै प्रयासबाट करिब २ कि.मि. लामो कुलो प्रत्येक वर्ष मर्मत गर्न असजिलो भएकोले सुक्खा समयमा पानीको अभावले बिरूवा मर्न सक्ने सम्भावना हुन्छ।

३.१० बागवानी केन्द्र, जौबारी, ईलाम

परिचय

नेपाल-भारत सहयोग कार्यक्रम अन्तर्गत वि.सं. २०२४ सालमा आलु विकास केन्द्र, जौवारी, (जौवारी फार्म) को नाममा स्थापना भएदेखि करिब १० वर्षसम्म बीउ आलु उत्पादन कार्य सञ्चालन गरिएको थियो। आ.व. २०३५/३६ देखि व्यवस्थापकीय त्रुटि र आलु बालीका रोगका कारण कुनै पनि सरकारी कार्यक्रमहरू सञ्चालन हुन नसकेकाले यस फार्मलाई पुनः सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न मिति २०६९/१०/०५ मा नेपाल सरकार (मन्त्रीस्तरीय) को निर्णयबाट TOR सहित Multi-Sectoral Expert सम्मिलित ११ सदस्यीय टोली गठन गरिएको थियो। सो अध्ययन पश्चात् नेपाल सरकारको मिति २०७१/०४/०९ को निर्णय अनुसार बागवानी केन्द्र, जौबारी, ईलाम नामाकरण गरी कार्य सञ्चालन भइरहेको छ।

भौगोलिक स्थिति

समुन्द्र सतहबाट करिब २४०० मि. देखि २९०० मि. उचाइमा रहेको यो केन्द्र कोशी प्रदेश, ईलाम जिल्लाको साविक जमुना गा.वि.स. वडा नं. ७ र साविक जोगमाई गा.वि.स. वडा नं. ३ मा अवस्थित रहेको

छ। यो केन्द्र जिल्ला सदरमुकाम ईलाम बजारबाट (नयाँबजार हुँदै) ३६ कि.मि., ईलाम फिक्कल बजारबाट (पशुपतिनगर हुँदै) २४ कि.मि. र भारतीय सिमा क्षेत्र मानेभन्ज्याङबाट १६ कि.मि. टाढा पर्दछ। यस केन्द्रको जमिनको तल्लो र मध्य भाग खेती गर्न सकिने भिरालो र कतैकतै सम्म टारहरू छन् भने माथिल्लो भाग बढी भिरालो, बन क्षेत्र र नाङ्गा/खाली पाखाहरू रहेका छन्।

जलवायु

उचाइको हिसाबले लेकाली प्रकृतिको समशीतोष्णदेखि शीतोष्ण प्रदेशीय हावापानी रहेको यस केन्द्रमा हिउँदमा तुषारो पर्ने तथा बाक्लो हिमपात हुने, गृष्ममा असिना पर्ने तथा वर्षात्मा धेरै वर्षा हुन र प्रायः मौसम धमिलो रही रहने खालको हुन्छ।

सिँचाइको स्थिति

फार्म नजिक ठूलो मात्रामा सिँचाइको भरपर्दो स्रोत/सुविधा नभएको तर तल्लो क्षेत्र (ताल पोखरी) र फार्म भवनहरू रहेको क्षेत्र आसपासका खोल्सा खोल्सीहरूबाट ठाउँठाउँमा पोखरी बनाएर पानी जम्मा गरी सामान्य सिँचाइ गर्न सकिनेछ।

भाग-४

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका फार्म केन्द्रहरूको विगत ५ वर्ष (२०७८/७९ देखि २०८२/८३) को मुख्य मुख्य लक्ष्य तथा प्रगति विवरण

४.१ तरकारी बाली विकास केन्द्र, खुमलटार

क्र. सं.	आयोजनाका प्रमुख कार्यहरू	इकाई	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८१/८२		२०८२/८३	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	तरकारी बीउ उत्पादन तथा बिक्री वितरण	के.जी.	३३०	४१५	४००	४००	४००	४००	४००	३५९.९	३००	५०७.६३
२	तरकारी बेर्ना उत्पादन वितरण	हजार	३९००	३७५०	३५००	३९००	३३५०	३०००	२७७५	३६७६	११२५	७३२५.५०
३	जर्मप्लाज्म सङ्कलन सम्वर्द्धन	जात	२०	२०	२०	२०	२०	२०	-	५०	-	५०
४	सृजना गोलभेँडाको बीउ उत्पादन	के.जी.	१.५	१	१०	९	१०	१२	१०	१६.१४	१०	१६.३६
५	प्राविधिक सेवा पुर्याउने	पटक	२०	२०	२०	२०	२०	२०	२०	२०	१४	१४
६	अगुवा कृषक तालिम पटक	पटक	१२	१२	३	३	३	३	४	४	१०	१०

४.२ तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम

क्र. सं.	आयोजनाका प्रमुख कार्यहरू	इकाई	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८१/८२		२०८२/८३	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	तरकारी बीउ उत्पादन तथा बिक्री वितरण	के.जी.	१५१०	१६२२	१५००	१६९०	१५००	२०९७.५	११२२	२७७५.७५	१७५१	२४८२.५
२	तरकारी बेर्ना उत्पादन वितरण	हजार	३६०	३६१	३००	२११.७८	१५०	१५०	१५०	६०९	३००	२६५.९
३	अगुवा कृषक तालिम पटक	पटक	१	१	१	१	१	१	२	२	२	२
४	स्थलगत कृषक घुम्ती तालिम	सङ्ख्या	६	६	१	१	१	१	६	६	३	३
५	बीउ प्रमाणीकरणको लागि अनुगमन मूल्याङ्कन	पटक	०	०	३	३	३	३	३	३	३	३
६	प्याजको गानो उत्पादन	मे. टन	१	१	१	१.६	१	१.७	-	१.६	१.६	२

क्र. सं.	आयोजनाका प्रमुख कार्यहरू	इकाई	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८१/८२		२०८२/८३	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
७	गोलभेँडाको वर्णशंकर जात सृजनाको बीउ उत्पादन तथा बिक्री वितरण	के.जी.	-	-	१	३.०२	१	२.०२	२	१.२५०	२	२

४.३ अलैँची विकास केन्द्र, ईलाम

क्र. सं.	आयोजनाका प्रमुख कार्यहरू	इकाई	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८१/८२		२०८२/८३	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	अलैँचीको बेर्ना उत्पादन तथा बिक्री वितरण	लाख	.५०	.५०	१	.५०	१	१.२८	१	१	१.५	२.४१
२	अकबरे खुर्सानी बीउ उत्पादन	के.जी.	१	१	२	२	२	२	३	३	४	४
३	अलैँची बगान व्यवस्थापन सम्बन्धी तालिम	पटक	४	४	३	३	३	३	३	३	२	२
४	प्राविधिक सेवा पुर्याउने	पटक	१८	१८	१८	१८	१८	१८	२०	२०	१६	१६
५	अगुवा कृषक तालिम	पटक	१	१	१	१	१	१	४	४	६	६
६	अलैँचीको crop cutting रेकर्ड सङ्कलन	पटक	३	३	३	३	३	३	३	३	३	३

४.४ आलु बाली विकास केन्द्र, सिन्धुपाल्चोक

क्र. सं.	आयोजनाका प्रमुख कार्यहरू	इकाई	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८१/८२		२०८२/८३	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	आलु बीयाँ (T.P.S.) उत्पादन	के.जी.	१०	९.८	१०	८.५	१५	३२	१५	१९.५	१५	१६
२	बीउ आलु उत्पादन बेसिक बीउ	मे. टन	१०	१५	१५	१३.२	१७	२२.९७	१	१.०८२	२०	३०.०६
३	जर्मप्लाज्म सङ्कलन सम्वर्द्धन	सङ्ख्या	५०	५०	५०	५०	५०	५०		१०	५०	५०
४	प्राविधिक सेवा पुर्याउने	पटक	३०	३०	३०	३०	३०	३०	३०	३०	३०	३०
५	स्क्रिन हाउसमा पि.बी.एस. उत्पादन	दाना सङ्ख्या हजारमा	४०	४५	४०	३९.५	५०	५६.८२	८०	१०८.२	८०	१४८.५०
६	आलुको in vitro plant उत्पादन	जार	-	-	-	१०३६	५००	६५००	२५००	५११२	२५००	४४७६

भाग-५

आर्थिक विवरण

५.१ राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका फार्म केन्द्रहरूको विगत ५ वर्ष (२०७८/७८ देखि २०८२/८३) को वार्षिक बजेट विनियोजन तथा बजेट खर्च विवरण (रू. हजारमा)

क्र. सं.	कार्यालयको नाम	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८१/८२		२०८२/८३	
		बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
१	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	२९५७७	२३६२३	२९६४१	१४२९८	२८१०७	२०३२३	३१६५०	२३०३८.५९	३५७३२	२६९९६
२	तरकारी बाली विकास केन्द्र, खुमलटार	३६८९९	३१५००	३४४३३	१५४९६	२७९२४	२४०२४	३४३७२	२९०७५.३२	३८४०८	३२१७१
३	तरकारी बीउ उत्पादन केन्द्र, पश्चिम रुकुम	२०४०८	१७७५७	२०२४५	१५६२७	१४३८४	१२८३९	१९३६०	१६०८९.५२	२३८८९	१९१२०
४	अलैंची विकास केन्द्र, फिक्कल, ईलाम	-	-	८५३८.५६	१९३०४.२०	२३७३९	१८९६२	३०८०९	२३८२६.९२	२७०६३	२३०८७
५	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक	२७९१८	२५१३५	३८६३८	२७३४१	२३३४६	१६२६०	३१५२०	२४७५२.९२	३०७०२	२४८६५
	जम्मा	१३८७४८	११६३२१	१३१४९५	७६४३९	१४४०००	११५०५६	१४७७०१	११६७८३.२९	१५५७९४	१२६२३८

५.२ आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्रबाट सञ्चालित तालिम कार्यक्रम र सहभागीहरूको नामावली विवरण

५.२.१ उच्च प्रविधि प्रयोग गरी संरक्षित संरचनामा तरकारी उत्पादन सम्बन्धी अधिकृतस्तरीय तालिम

तालिम सञ्चालन मितिः २०८२ असोज २६ देखि ३० गतेसम्म।

स्थानः माडी प्राङ्गारिक कृषि फर्म तथा अनुसन्धान केन्द्र, माडी, चितवन।

क्र.सं.	सहभागीको नाम	पद	कार्यालय
१	प्रकाश न्यौपाने जैसी	कृषि अधिकृत	भरतपुर महानगरपालिका
२	सन्तोष न्यौपाने	कृषि विकास अधिकृत	कालिका नगरपालिका, चितवन
३	अविरल कुशवाहा	बागवानी विकास अधिकृत	कृषि ज्ञान केन्द्र, महोत्तरी
४	अस्मीता वली	कृषि अधिकृत	बाँसगढी नगरपालिका, बर्दिया
५	राजेन्द्र बम	कृषि प्रसार अधिकृत	कृषि विकास निर्देशनालय, डोटी
६	गजदिश भट्ट	सहायक कृषि प्रसार अधिकृत	कृषि विकास निर्देशनालय, डोटी
७	सिमा कार्की	बागवानी विकास अधिकृत	कृषि ज्ञान केन्द्र, सर्लाही
८	दिनकर मणी आचार्य	कृषि प्रसार अधिकृत	कृषि ज्ञान केन्द्र, तनहुँ
९	ज्ञानु थापा मगर	बाली संरक्षण अधिकृत	राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर
१०	सरोज चिलुवाल	कृषि अधिकृत	पोखरा महानगरपालिका
११	निर्मल भुसाल	कृषि अधिकृत	गुराँस गाउँपालिका, दैलेख
१२	प्रकाश मरासीनी	व.कृ.अ.वि.	कृषि विकास निर्देशनालय, कोशी
१३	सन्तोष पाठक	व.बाग.वि.अ.	कृषि ज्ञान केन्द्र, बाँके
१४	अभिस ढकाल	बागवानी विकास अधिकृत	कृषि विकास कार्यालय, हुम्ला
१५	सुरज वि.सी.	कृषि विकास अधिकृत	
१६	सन्तोष सुवेदी	बागवानी विकास अधिकृत	
१७	यमकान्त पाण्डे	बाली संरक्षण अधिकृत	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम
१८	सुदर्शन पोखेल	कृषि विकास अधिकृत	थाक्रे गाउँपालिका, धादिङ
१९	मनोज तिमल्सिना	कृषि विकास अधिकृत	
२०	विकास वि.क.	बागवानी विकास अधिकृत	
२१	पवित्रा थापा	कृषि अधिकृत	
२२	सरस्वती अर्याल	बागवानी विकास अधिकृत	

५.२.२ Organic Inspection सम्बन्धी अधिकृतस्तरीय तालिम

तालिम सञ्चालन मितिः २०८२ माघ २० देखि २६ गतेसम्म।

स्थानः रेशम विकास केन्द्र, खोपासी, काभ्रे।

क्र.सं.	नाम	पद	कार्यालय
१	विकास खरेल	वरिष्ठ बागवानी विकास अधिकृत	कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार
२	तिलक राज चौलागाइ	वरिष्ठ कृषि अर्थ विज्ञ	कृषि विभाग
३	सविन ढकाल	कृषि स्नातक	त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक
४	सुदर्शन पोखेल	कृषि विकास अधिकृत	थाँक्रि गाउँपालिका, धादिङ
५	राजन धमनिया	बाली संरक्षण अधिकृत	आलु बाली विकास केन्द्र, निगाले
६	राजेन्द्र बम	कृषि प्रसार अधिकृत	कृषि विकास निर्देशनालय, डोटी
७	पवन कुमार चौधरी	कृषि प्रसार अधिकृत	कृषि विकास निर्देशनालय, सुर्खेत
८	टोप बहादुर विष्ट	कृषि अधिकृत	जानकी गाउँपालिका, कैलाली
९	नहकुल न्यौपाने	कृषि अधिकृत	बागवानी विकास केन्द्र, दोलखा
१०	सुयिन्का न्यौपाने	कृषि विकास अधिकृत	रास्कोट नगरपालिका, कालिकोट
११	प्रदिप लुइटेल	बागवानी विकास अधिकृत	कृषि ज्ञान केन्द्र, ईलाम
१२	सविना देवकोटा	बागवानी विकास अधिकृत	कृषि विकास कार्यालय, धादिङ
१३	रीता सिग्देल श्रेष्ठ	कृषि प्रसार अधिकृत	रोशी गाउँपालिका, काभ्रे
१४	उमादेवी श्रेष्ठ	कृषि विकास अधिकृत	कृषि विकास कार्यालय, सिन्धुली
१५	मनिष यादव	कृषि अर्थ विज्ञ	राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर
१६	गणेश अधिकारी खत्री	कृषि अर्थ विज्ञ	कृषि ज्ञान केन्द्र, धनुषा
१७	ध्रुवराज बम	सहायक कृषि प्रसार अधिकृत	ठाकुरबाबा नगरपालिका, बर्दिया
१८	सुजिता शर्मा	वरिष्ठ कृषि प्रसार अधिकृत	कृषि ज्ञान केन्द्र, बाँके
१९	जयशंकर शर्मा	कृषि प्रसार अधिकृत	कृषि तथा पशुपन्छी विकास कार्यालय, मनाङ

५.२.३ तन्तु प्रजनन् प्रविधि सम्बन्धी प्राविधिक/अधिकृतस्तरीय तालिम

तालिम सञ्चालन मितिः २०८२ मङ्सिर ०१ देखि ०५ गतेसम्म

स्थानः आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक

क्र.सं.	सहभागीको नाम	पद	कार्यालय
१	जिवन सुवेदी	माटो विज्ञ	समशीतोष्ण बागवानी, केन्द्र
२	भविसरा खत्री	कृषि अधिकृत	नारायण नगरपालिका, दैलेख
३	शिवलाल घिमिरे	व.बाग.वि.अ	कृषि ज्ञान केन्द्र, कपिलवस्तु
४	तारी सिंह ठकुराठी	कृषि अधिकृत	त.ज.सं. तथा त.बीउ उ.के., डडेल्धुरा

क्र.सं.	सहभागीको नाम	पद	कार्यालय
५	कुमार पुन मगर	बागवानी विकास अधिकृत	कृषि तथा पशुपन्छी विकास कार्यालय, मुस्ताङ
६	निर्मल अधिकारी	प्रा.स. (बायोटेक्नोलोजिष्ट)	सुन्तलाजात विकास केन्द्र, पाल्पा
७	अर्जुन धामी	प्रा.स.	प्रदेश बीउ बिजन गुणस्तर नि.के., हेटौडा
८	सुमन्त पोखरेल	बागवानी विकास अधिकृत	पुष्प विकास केन्द्र, गोदावरी
९	मनिषा बम	तन्तु प्रजनन् प्राविधिक	उष्ण प्र. बाग. केन्द्र, सर्लाही
१०	सिमा कार्की	बागवानी विकास अधिकृत	कृषि ज्ञान केन्द्र, सर्लाही
११	शन्धिया खत्री	जैविक प्रविधि प्रा.स.	शीतोष्ण बागवानी केन्द्र, मुस्ताङ
१२	ज्ञानु थापा मगर	बाली संरक्षण अधिकृत	रा.आ.त.म.वि.के., कीर्तिपुर
१३	यमकान्त पाण्डे	बाली संरक्षण अधिकृत	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम
१४	रोशन श्रेष्ठ	प्राविधिक प्रगतिशील	युवा कृषि कृषक समूह
१५	काजिमान प्रधान	बा.वि.अ.	अलैंची विकास केन्द्र, दैलेख
१६	अनु वि.सी.	सहायक बागवानी विकास अधिकृत	कृषि ज्ञान केन्द्र, उदयपुर

५.३ राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र तथा अन्तर्गतका फार्म केन्द्रहरूको विगत ५ आर्थिक वर्ष (२०७८/७९ देखि २०८२/८३) को राजश्व विवरण (रू. हजारमा)

क्र. सं	कार्यालयको नाम	इकाई	आर्थिक वर्ष				
			२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
१	राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुर	हजार	-	-	-	२५१	१४७
२	तरकारी बाली विकास केन्द्र, खुमलटार		३५७९	२८४१.०४	५०२१.९५	३७८०.६३	५०७५.४१
३	तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम		१०५०	१४९३.८८	१६६५.४२	२०३६.५७	२०००.१९
४	अलैंची विकास केन्द्र, फिक्कल, ईलाम		१०३०	४८८.५५	१४२३.८१	११४३.७८	२०३५.४०
५	आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक		१८३१	२५८१.१०	३३००.०८	५४६२.४२	५१५०.१३
	जम्मा		७४९०	७४०४.५७	११४११.२५	१२६७४.४	१४४०८.१३

५.४ बीउ उत्पादनका लागि स्वीकृत प्राविधिक मापदण्डहरू

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र, कीर्तिपुरद्वारा आलु, तरकारी तथा मसलाबालीको बीउ उत्पादन क्षेत्र पहिचान गरी पर्वत जिल्ला तथा समान हावापानी भएका जिल्लाहरूमा आलु, मूला, काँक्रो, र अदुवाको बीउ उत्पादनका लागि विभिन्न अध्ययन सामग्रीहरू (Literature review) तथा विज्ञहरूसँगको बृहत् छलफलबाट प्राप्त रायको आधारमा तपसिल बमोजिमको Technical parameters निर्धारण गरी स्वीकृत गरिएको।

तपसिलः

५.४.१ Potato Seed Tuber

S.N.	Parameters	Potential		
		High	Moderate	Low
1	Soil texture	Sandy loam, loam	Silty loam, loamy sandy	Silty clay, clay etc
2	Temperature (°C)	15-20	20.1 - 25	<15 & >30
3	Altitude (masl)	2001-3000	1500-2000	<1500
4	Humidity (%)	60-70	71-79	<60 & >79
5	Rainfall (mm)	1200-2000	1000-1200	<1000
6	Soil pH	5.5 – 6	6.1 – 7.5	>7.5 & < 5.5
7	Irrigation	Regular	Partial	Rainfed with irrigation source available
8	Road access (km)	<5	5-10	>10
9	Slope (degree)	0-10	10-15	15.1-30
10	Hailstone	None	Occasionally	Often

५.४.२ Radish (Mino Early)

S.N.	Parameters	Potential		
		High	Moderate	Low
1	Soil texture	Sandy loam, Loam	Silty loam, loamy sandy	Silty clay, clay etc
2	Temperature (°C)	18-24	24.1-30	<18 & >30
3	Altitude (masl)	1300-1500	1000-1299	<1000 &>1500
4	Humidity (%)	60-70	71-79	<60 & >79
5	Rainfall (mm)	<1000	1000-1500	>1500
6	Soil pH	5.5 – 6	6.1 – 7.5	>7.5 & < 5.5
7	Irrigation	Round the year	Partial	Rainfed with irrigation source available
8	Road access (km)	<5	5-10	>10
9	Slope (degree)	0-10	10-15	15.1-30
10	Hailstone	None	Occasionally	Often

५.४.३ Cucumber (Bhaktapur Local)

S.N.	Parameters	Potential		
		High	Moderate	Low
1	Soil texture	Sandy loam, Loam	Silty loam, loamy sandy	Silty clay, clay etc
2	Temperature (°C)	25-30	15 – 24.9	<15 & >30
3	Altitude (masl)	1300-1500	1000 to <1300	<1000 & >1500
4	Humidity (%)	60-70	71-79	<60 & >79
5	Rainfall (mm)	<1000	1000-1500	>1500
6	Soil pH	6.5 – 7.5	5.5- <6.5	>7.5 & <5.5
7	Irrigation	Round the year	Partial	Rainfed with irrigation source available
8	Road access (km)	<5	5-10	>10
9	Slope (degree)	0-10	10-15	15.1-30
10	Hailstone	None	Occasionally	Often

५.४.४ Ginger

S.N.	Parameters	Potential		
		High	Moderate	Low
1	Soil texture	Sandy loam, loam	Silty loam, loamy sand	Silty clay, clay etc
2	Temperature (°C)	20-25	25.1-30	<20 & >30
3	Altitude (masl)	1300-1500	1000-1299	<1000 & >1500
4	Humidity (%)	60-70	71-79	<60 & >79
5	Rainfall (mm)	2000-3000	1500-1999	<3000
6	Soil pH	6-6.5	6.6 – 7	>7 & < 6
7	Irrigation	Round the year	Partial	Rainfed with irrigation source available
8	Road access (km)	<5	5-10	>10
9	Slope (degree)	0-10	10-15	15.1-30
10	Hailstone	None	Occasionally	Often

६.१ AREA, PRODUCTION & YIELD OF VEGETABLES IN NEPAL SINCE LAST 48 YEARS

S.N.	FISCAL YEAR	AREA (Ha.)	PRODUCTION (Mt.)	YIELD (Kg. /Ha.)
1	2034/35 (1977/78)	88000	466000	5300
2	2035/36 (1978/79)	91000	491000	5400
3	2036/37 (1979/80)	96000	528000	5500
4	2037/38 (1980/81)	104000	521336	5000
5	2038/39 (1981/82)	118172	625099	5300
6	2039/40 (1982/83)	125693	667789	5300
7	2040/41 (1983/84)	130162	700334	5400
8	2041/42 (1984/85)	138200	743000	5400
9	2042/43 (1985/86)	138586	782534	5600
10	2043/44 (1986/87)	138964	838948	6000
11	2044/45 (1987/88)	139500	874523	6300
12	2045/46 (1988/89)	140033	922118	6600
13	2046/47 (1989/90)	140524	967167	6900
14	2047/48 (1990/91)	140500	1074648	7600
15	2048/49 (1991/92)	140500	1127840	8028
16	2049/50 (1992/93)	140500	1179000	8391
17	2050/51 (1993/94)	140500	1197496	8523
18	2051/52 (1994/95)	140500	1211507	8623
19	2052/53 (1995/96)	144368	1327298	9194
20	2053/54 (1996/97)	146503	1357435	9266
21	2054/55 (1997/98)	149979	1449742	9664
22	2055/56 (1998/99)	140177	1342567	9578
23	2056/57 (1999/00)	149030	1489665	9996
24	2057/58 (2000/01)	157162	1652979	10518
25	2058/59 (2001/02)	161048	1738086	10792
26	2059/60 (2002/03)	165988	1799973	10844
27	2060/61 (2003/04)	172586	1890100	10952
28	2061/62 (2004/05)	180823	2065193	11421
29	2062/63 (2005/06)	189864	2190122	11535
30	2063/64 (2006/07)	191922	2298689	11977
31	2064/65 (2007/08)	208108	2538904	12200
32	2065/66 (2008/09)	225154	2754406	12233
33	2066/67 (2009/10)	235098	3003821	12777
34	2067/68 (2010/11)	244102	3203563	13124
35	2068/69 (2011/12)	245036	3298816	13463

S.N.	FISCAL YEAR	AREA (Ha.)	PRODUCTION (Mt.)	YIELD (Kg. /Ha.)
36	2069/70 (2012/13)	246392	3301684	13400
37	2070/71 (2013/14)	256442	3440722	13419
38	2071/72 (2014/15)	266937	3580085	13410
39	2072/073 (2015/16)	280807	3819809	13600
40	2073/074 (2016/17)	282810	3884797	13736
41	2074/075 (2017/18)	286864	3958230	13798
42	2075/076(2018/19)	297195	4271270	14372
43	2076/77 (2019/20)	281132	3962383	14094
44	2077/78 (2020/21)	284121	3993167	14054
45	2078/79 (2021/22)	289839	4153157	14329
46	2079/80 (2022/23)	302135	4376077	14483
47	2080/81 (2023/24)	311885	4440116	14240
48	2081/82 (2024/25)	329729	4572267	13870

६.२ आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र अन्तर्गतका फार्महरूमा आ.व. २०८२/८३ मा उत्पादन भएका विभिन्नस्तरका तरकारी तथा मसलाबालीहरूको बीउ उपलब्धताको विवरण

६.२.१ अलैँची विकास केन्द्र, फिक्कल, ईलाम

क्र. सं.	बाली	जात	बीउको स्तर	आ.व. २०८२/८३ मा भएको उत्पादन परिमाण (के.जी.)	आ.व. २०८३/८४ मा बिक्री गरिने तरकारी बीउ परिमाण (के.जी.)	कैफियत
१	आलु	जनकदेव	मूल	४०	४०	
		रोजिटा	मूल	१००	१००	
		स्थानीय बिटे	उन्नत	२८०	२८०	
		डेजिरे	उन्नत	२५०	२५०	
२	सिमी	खुमल उज्वल	मूल	८०	८०	
३	अकबरे खुर्सानी		उन्नत बीउ	३ के.जी.	३ के.जी.	
जम्मा		१४५२	१४५२	जम्मा	१४५२	

६.२.२ आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक

क्र.सं.	बाली	जात	स्तर	आ.व. २०८२/८३ मा उत्पादन गरिएका तरकारी बीउ परिमाण (के.जी.)	आ.व. २०८३/८४ मा बिक्री गरिने तरकारी बीउ परिमाण (के.जी.)	कैफियत
१	आलु	टि.पि.एस-२	टि.पि.एस	१६ के.जी.	१६ के.जी.	
२	आलु	रोजिटा	बेसिक बीउ	१५५००	११००	
		निगाले-१०		४००	३००	
		निगाले-६		३५०	२५०	

क्र.सं.	बाली	जात	स्तर	आ.व. २०८२/८३ मा उत्पादन गरिएका तरकारी बीउ परिमाण (के.जी.)	आ.व. २०८३/८४ मा बिक्री गरिने तरकारी बीउ परिमाण (के.जी.)	कैफियत
		खुम्बले कालो		१२०	८५	
		निगाले रातो		१२०	८५	
		जनकदेव		९००	६३०	
		मेल-६७		२५०	१७५	
		डेजिरे		१३००	९५०	
		निगाले-२		७५	५०	
		निगाले-३		१२०	८५	
		एम.एस.४२.३		४५०	३१५	
		निगाले-९		१००	७०	
		निगाले-१२		१००	७०	
		कार्डिनल		१०००	७००	
		खुमल रातो-२		९००	६५०	
		खुमल उपहार		३००	३००	
		कुफ्री ज्योति		५५०	४००	
		सि.आइ.पि.१०९		९००	६५०	
		सि.आइ.पि.११२		७०	५०	
		निगाले-१		१००	७०	
		निगाले-४		४०	३०	
		ल्याण्ठे		३००	२००	
		गाजले		२००	१४०	
		खुमल उज्जवल		१००	७०	
		जम्मा बेसिक बीउ (के.जी.)		२४२४५	१७२४५	
३	आलु	रोजिटा	पि.बि.एस.	३५००	२९५००	
		खुमल रातो-२		५०००	४५००	
		जनकदेव		१५०००	१३६७०	
		डेजिरे		९०००	६१००	
		एम.एस.४२.३		१००००	९४००	
		कुफ्री ज्योति		५०००	२९१०	
		मेल-६७		१०००	५००	
		फिमेल-७		१५००	१०००	
		कार्डिनल		२००००	१५९५०	
		खुमल उज्जवल		७०००	४३५०	
		खुमल रातो-४		३००००	२८५००	
		खुमल उपहार		५०००	५०००	
		कुफ्रि सिन्दुरी		५०००	३१५०	
		जम्मा पि.बि.एस. (दाना)		१४८५००	१२४५३०	

६.२.३ तरकारी बीउ उत्पादन केन्द्र, रुकुम पश्चिम

क्र.सं.	बाली	जात	बीउको स्तर	आ.व.२०८२/८३ मा भएको उत्पादन परिमाण (के.जी.)	आ.व. २०८३/८४ मा बिक्री गरिने तरकारी बीउ परिमाण (के.जी.)	कैफियत
१	प्याज	रेड क्रियोल	मूल	१८७	१८७	
२	मूला	मिनोअर्ली	मूल	६५	६५	
३	रायो	खुमल चौडापात	मूल	१२५	१२५	
४	काउली	काठमाडौं स्थानीय	मूल	७५	७५	
५	सलगम	काठमाडौं रातो	मूल	२३	२३	
६	केराउ	सिक्किम लोकल	मूल	७१९	७१९	
		आर्केल	मूल	२३४	२३४	
७	सिमी	चौमासे	मूल	२७९	२७९	
		त्रिशुली	उन्नत	३०	३०	
		कन्टेन्डर	उन्नत	८७	८७	
८	काँक्रो	भक्तपुर लोकल	मूल	२.५	२.५	
९	गोलभेंडा	सृजना हाइब्रिड	हाइब्रिड	२	२	
		मनप्रेकश	उन्नत	१	१	
१०	स्वीसचार्ड	फोर्डहुक जायन्ट	उन्नत	२४५	२४५	
११	रामतोरिया	पार्वती/अर्का अनामिका	उन्नत	३२	०	
१२	बोडी	मालेपाटन-१	उन्नत	८०	२८	
१३	चम्सुर	स्थानीय	उन्नत	१२०	१२०	
१४	धनियाँ	स्थानीय	उन्नत	१७७	१७७	
१५	प्याज बीउ गानो सेट	रेड क्रियोल	बीउ गानो सेट	२ मे. टन		बीउ उत्पादनको लागि मात्र
	जम्मा			२४८३.५	२३९९.५	

६.२.४ तरकारी बाली विकास केन्द्र, खुमलटार

क्र. सं.	बाली	जात	बीउको स्तर	आ.व. २०८२/८३ मा भएको उत्पादन परिमाण (के.जी.)	आ.व. २०८३/८४ मा बिक्री गरिने तरकारी बीउ परिमाण (के.जी.)	कैफियत
१	काउली	खुमल ज्यापु	मूल बीउ	६	१०	
		काठमाडौं लोकल	मूल बीउ	०.५	०.७	
२	सलगम	काठमाडौं रातो	उन्नत बीउ	४	३.५	

क्र. सं.	बाली	जात	बीउको स्तर	आ.व. २०८२/८३ मा भएको उत्पादन परिमाण (के.जी.)	आ.व. २०८३/८४ मा बिक्री गरिने तरकारी बीउ परिमाण (के.जी.)	कैफियत
३	मूला	मिनोअर्ली	मूल बीउ	११	१०.५	
४	पालुङ्गो	पाटने	उन्नत बीउ	१४	१४	
५	सिमी	झाँगे	उन्नत बीउ	०	०	
		चौमासे	मूल बीउ	९३	२१२.७	
		त्रिशुली घिउ सिमी	मूल बीउ	२१४	४५	
६	बोडी	मालेपाटन	उन्नत बीउ	४२	०	
		खुमल तने	उन्नत बीउ	९.९३	०	
७	भटमास	तरकारी भटमास	मूल बीउ	३५	३०	
८	गोलभेंडा	सृजना	हाईब्रिड बीउ	१६.३६	०.३	
		खुमल हाईब्रिड २	हाईब्रिड बीउ	०.४	०.२३	
९	काँक्रो	भक्तपुर लोकल	मूल बीउ	०.८	०	
१०	सुईचार्ड	सुसाग	उन्नत बीउ	८	४.५	
११	भिण्डी	पार्वती	मूल बीउ	६५	०	
		अर्काअनामिका	मूल बीउ	४	०	
	जम्मा बीउ परिमाण			५२३.९९	३३१.४३	

६.३ AREA, PRODUCTION & YIELD OF POTATO IN NEPAL SINCE LAST 48 YEARS

S.N.	FISCAL YEAR	AREA (Ha.)	PRODUCTION (Mt.)	YIELD (Kg. /Ha.)
१	२०३४/३५ (१९७७/७८)	५०६५०	२७१८७०	५४००
२	२०३५/३६ (१९७८/७९)	५०७००	२७८९८०	५५००
३	२०३६/३७ (१९७९/८०)	५१३३०	२७८४००	५४००
४	२०३७/३८ (१९८०/८१)	४९५८०	२८०५४०	५७००
५	२०३८/३९ (१९८१/८२)	५२०१२	३२११००	६२००
६	२०३९/४० (१९८२/८३)	५९२०१	३७१९७०	६३००
७	२०४०/४१ (१९८३/८४)	५८८८०	३८८०६०	६६००
८	२०४१/४२ (१९८४/८५)	६५५४०	४२०१६०	६४११
९	२०४२/४३ (१९८५/८६)	६९९६०	३५६७२०	५०९९
१०	२०४३/४४ (१९८६/८७)	७४३१०	३९५११०	५३१७
११	२०४४/४५ (१९८७/८८)	८०१८०	५६६९५०	७०७१
१२	२०४५/४६ (१९८८/८९)	८१५७०	६४०९१०	७८७५
१३	२०४६/४७ (१९८९/९०)	८३३५०	६७१८१०	८०६०
१४	२०४७/४८ (१९९०/९१)	८४२८०	७३८०३०	८७५७

S.N.	FISCAL YEAR	AREA (Ha.)	PRODUCTION (Mt.)	YIELD (Kg. /Ha.)
१५	२०४८/४९ (१९९१/९२)	८५३००	७३२८६०	८५९२
१६	२०४९/५० (१९९२/९३)	८७०२०	७३३३००	८४२७
१७	२०५०/५१ (१९९३/९४)	८९६६४	७४८९१३	८३५२
१८	२०५१/५२ (१९९४/९५)	९७६३४	८३८९३२	८५९३
१९	२०५२/५३ (१९९५/९६)	१०६०००	८९८३५०	८४७५
२०	२०५३/५४ (१९९६/९७)	११०८५०	९९७४००	८९९८
२१	२०५४/५५ (१९९७/९८)	११६२९०	९७१६८०	८३५६
२२	२०५५/५६ (१९९८/९९)	११८०४३	१०९१२१८	९२४४
२३	२०५६/५७ (१९९९/००)	१२२६२०	११८२५००	९६४४
२४	२०५७/५८ (२०००/०१)	१२९०१९	१३१३७१७	१०१८२
२५	२०५८/५९ (२००१/०२)	१३५०९३	१४७२७५७	१०९०२
२६	२०५९/६० (२००२/०३)	१४०१७१	१५३१३१५	१०९२५
२७	२०६०/६१ (२००३/०४)	१४३०२७	१६४३३५७	११४९०
२८	२०६१/६२ (२००४/०५)	१४६७८९	१७३८८४०	११८४६
२९	२०६२/६३ (२००५/०६)	१५०८६४	१९७४७५५	१३०९०
३०	२०६३/६४ (२००६/०७)	१५३५३४	१९४३२४६	१२६५७
